# परिच्छेद : एक
# शोधपरिचय

## १.१ शोध-शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **निम्न माध्यमिक तहको रूपक विधा शिक्षण कार्यकलापको अध्ययन** रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तावित शोध प्रस्ताव एम. एड्. द्वितीय वर्षको कोड नं. ५९८ को नेपाली विषयको शोधलेखन प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ शोधसमस्या

भाषा मानवीय विचार विनिमयको माध्यम हो । भाषा शिक्षणबाट भाषाका चार सीप सुनाइ, बोलाइ, पढाइ, लेखाइ सीपहरूको विकास गर्ने प्रमुख उद्देश्य रहेको हुन्छ । भाषिक सीप विकासका लागि भाषा पाठ्यपुस्तकमा विभिन्न विधा, उपविधाहरू समावेश गरिएको हुन्छ । ती विधाहरूमध्ये रूपक विधा एक प्रभावकारी विधा हो । रूपक विधामा सम्वाद, वादविवाद, एकाङ्की, मनोवाद र वक्तृता पर्दछन् । यी विधाका उपविधाहरू निम्न माध्यमिक तहको नेपाली भाषा विषयमा पनि समावेश गरिएका छन् ।

भाषाको अध्ययन गर्नु विद्यार्थीहरूको लागि भाषामा प्रवीण हुनु हो । स्तरीय एवम् शुद्ध भाषाको प्रयोग र अभ्यास गर्नसक्ने बनाउन शब्दार्थ र उच्चारणगत त्रुटि कम गर्दै जान शिक्षकले के कस्ता शिक्षण कार्यकलाप गर्नुपर्छ सो बुझ्नु आवश्यक छ । रूपक विधाले मौखिक अभिव्यक्तिगत चिनारी बुझाउने भएको हुँदा विद्यालयमा भाषिक सीप विकास गर्न उक्त विधा शिक्षण गर्दा के कस्ता शिक्षण क्रियाकलाप गरिन्छ, कुन विधि तथा सामग्रीको उपयोग गरिन्छ भन्ने जानकारी साथै मूल्याङ्कन प्रक्रिया समेतको अवस्था निम्न माध्यमिक तहमा के कस्तो रहेको छ । यिनै समस्यामा केन्द्रित रहेर यी समस्याहरूको औचित्यपूर्ण ढङ्गले समाधान गर्ने प्रयास प्रस्तुत शोधमा गरिएको छ । अतः प्रस्तुत शोधसमस्याहरूलाई निम्न बुँदामा प्रस्तुत गरिएको छ :

(क) रूपक विधाका सैद्धान्तिक र व्यवहारिक पक्षहरू के कस्ता छन् ?

(ख) गुल्मी जिल्लाका नि.मा.वि. तहमा रूपक विधा शिक्षण गर्दा अपनाउने शिक्षण कार्यकलापको अवस्था कस्तो छ ?

(ग) यहाँका रूपक विधा शिक्षणका कमी-कमजोरी के-के हुन् ?

## १.४ शोधको उद्देश्य

कुनै पनि कार्य सही ढङ्गले सम्पन्न गर्नको निमित्त निश्चित योजना बनाउनु पर्दछ । विना योजना कार्य थालेमा त्यो लक्ष्य प्राप्ति हुन सक्दैन । तसर्थ यो शोधका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) रूपक विधाको सैद्धान्तिक र व्यवहारिक पक्षमाथि प्रकाश पार्नु ।

(ख) गुल्मी जिल्लाको नि.मा.वि. तहमा रूपक विधा शिक्षण क्रियाकलापको अध्ययन गर्नु र

ग) रूपक विधा शिक्षणका कमी-कमजोरी पत्ता लगाई सुझाव दिनु ।

## १.५ पूर्वकार्यको समीक्षा

कुनै पनि अध्ययन, अनुसन्धान गरिनुभन्दा पहिले आफूभन्दा पूर्ववर्तीहरूले सम्बन्धित शोधकार्यमा गरेका अनुसन्धानलाई पूर्वकार्य भनिन्छ । पहिले गरिएका कार्यहरूको अध्ययनबाट पूरा हुन नसकेका पक्षहरूको अध्ययन गरिने प्रयासका लागि पूर्वकार्य समीक्षा अनिवार्य हुन्छ । नेपाली भाषा शिक्षण र रूपक विधाको शिक्षण कार्यकलाप सम्बन्धमा यसअघि गरिएका अनुसन्धानबाट अनुभव सङ्कलन गरी त्रुटि हटाउन सहयोग पुग्ने हुँदा यो कार्य गरिएको छ । प्रस्तुत अध्ययनका सम्बन्धमा यस पूर्व संस्थागत एवम् व्यक्तिगत तवरमा के कति कार्य भएका छन् ? ती कार्यलाई कालक्रमका आधारमा यसरी चर्चा गरिएको छ :

मोहन हिमाँसु थापाले **सहित्य परिचय** (२०५०) मा रूपक विधको सैद्धान्तिक पक्षको आधारमा चर्चा गरी कसैको रूपको आरोप गर्नु रूपक हो भनी रूपकको शाव्दिक अर्थ बारे प्रष्ट पारेका छन्  तर यिनले पाठ्यक्रम र पाठ्यपुस्तकको शिक्षणविधि सामग्री र मूल्याङ्कनका सम्बन्धमा कहीँ कतै केही उल्लेख गरेका छैनन् ।

हेमाङ्गराज अधिकारी र केदारप्रसाद शर्माले **प्रारम्भिक नेपाली शिक्षण** (२०५६) ग्रन्थमा रूपक विधाको माध्यमवाट विद्यार्थीहरूमा मौखिक भाषाका विशेषतामा अभ्यस्त बनाई हाउभाउ चेष्टा, मुख मुद्रा सुहाउँदो अभिनयात्मक भाषाको विकास गर्न सकिने

विषयमा उल्लेख गर्दै विद्यार्थीहरूले परिवेश अनुसार भाषिक अनुकरण गर्ने र भाषाको अभिव्यक्तिक्षमता बढाउन सक्छन् भन्ने पक्षमा चर्चा गरेका छन् । अतः रूपकका सैद्धान्तिक विषयमा विस्तृत चर्चा गरिएको भए पनि रूपक शिक्षणका व्यवहारिक प्रक्रिया, विधि र कार्यकलापबारे सो ग्रन्थमा खासै उल्लेख गरिएको छैन ।

भोजराज ढुंगेल र दुर्गाप्रसाद दाहालले **भाषा पाठ्यक्रम र पाठ्यपुस्तक तथा शिक्षण पद्धति** (२०५६) पुस्तकमा रूपकका सैद्धान्तिक, व्यवहारिक विभिन्न पक्ष र सिद्धान्तका बारेमा चर्चा गर्दै पाठ्यक्रम अनुरूप पाठ्यपुस्तकमा विषयवस्तुको शिक्षण गरिनुपर्ने व्यवहारिक सन्दर्भमा कुरा उठाएका छन् तर प्रस्तुत पुस्तकमा शिक्षणका सैद्धान्तिक विषयमा व्यापक चर्चा परिचर्चा भएको भए पनि रूपक शिक्षणका विधि, प्रक्रिया र मूल्याङ्कनबारे उनीहरू यस ग्रन्थमा मौन देखिएका छन् ।

अर्जुन बरालले **माध्यमिक तह कक्षा ९ र १० नेपाली पाठ्यपुस्तकमा उपयुक्त रूपक विधाको विश्लेषण** (२०५९) शोधपत्रमा सीप परीक्षणका लागि अन्तिम परीक्षाको तहसम्म २० प्रतिशत प्रयोगात्मक अङ्क निर्धारण गरिनु कमी भएको भन्दै विधागत उद्देश्य पूरा गर्न अभ्यासमा जोड दिनुपर्ने विचार प्रस्तुत गर्नमा सीमित रहेका छन् ।

शुष्मा आचार्यले **नि.मा.वि. तहमा रूपक विधाको माध्यमवाट गराईने शिक्षण कार्यकलापको अध्ययन** (२०६३) शीर्षकको शोधपत्रमा निजी तथा सरकारी विद्यालयको बीचमा तुलनात्मक अध्ययन गरेकी छन् ।

**अजन्ताज डिक्सनेरी**का अनुसार रूपक शब्द बुझाउन रेटेरिक शब्द प्रयोग भएको छ । यसको अर्थ नेपाली भाषामा प्रभावकारी रूपले वोल्ने वा लेख्ने कला वा अलंकार शास्त्र भन्ने बुझिन्छ ।

बुद्धिराम नेपालीले **सामुदायिक तथा निजी माध्यमिक विद्यालयहरूमा रूपक विधा शिक्षण कार्यकलापको तुलनात्मक अध्ययन** (२०६७) शीर्षकमा शोधकार्य तयार गरी निजी तथा सामुदायिक विद्यालयबीचमा तुलनात्मक अध्ययन गरेका छन् । रूपक विधा शिक्षणमा प्रयोगात्मक भन्दा सैद्धान्तिक र विद्यार्थी केन्द्रित विधिभन्दा शिक्षक केन्द्रित विधि विद्यालयमा प्रयोग गरिएको, रूपक विधाजस्तो व्यवहारिक र कलात्मक विधा शिक्षणमा अवलम्बन गरिएका कार्यकलाप सन्तोषजनक नभएको, तालिममा सिकेका कुरा व्यवहारमा प्रयोग नगरिएको, योजनाबद्ध शिक्षण नभएको विचार व्यक्त गर्दै शिक्षकलाई सक्रिय बनाई शिक्षण विधि, सामग्री, शैक्षणिक योजना र मूल्याङ्कन तालिका बनाई प्रयोग गर्नुपर्ने निष्कर्ष

निकालेका छन् । तर यिनले रूपक विधा शिक्षणका सम्बन्धमा यसरी चर्चा गरेका भए पनि नि.मा.वि. तहलाई लिएर वा यसै विद्यामा केन्द्रित भएर परिचर्चा भने गरेका छैनन् ।

यसप्रकार भाषिक सीप विकास गरी स्तरीय र शुद्ध नेपाली भाषाको परिवेश अनुकूल प्रयोग गर्ने क्षमता विकास गर्न नि.मा.वि. तहमा अध्यापनरत शिक्षकहरूले रूपक विधा शिक्षण गर्दा अवलम्बन गरिने विधि, सामग्री र मूल्याङ्कन प्रक्रियाको विस्तृत अध्ययनमा प्रस्तावित शोध लक्षित रहेको छ ।

## १.६ शोधको क्षेत्र र सीमा

अनुसन्धानकर्ताले अनुसन्धान गर्ने विषयमा के कति गर्ने र के गर्ने भन्ने प्रष्ट विवरण नै सीमा हो । अनुसन्धानबाट सफलता प्राप्त गर्न सीमा र क्षेत्र निर्धारण गर्नुपर्छ । सीमा र क्षेत्र निर्धारणविना अध्ययनको उद्देश्य पूरा गर्न कठिन पर्ने भएकोले यस अध्ययनको लागि निम्न क्षेत्र र सीमा तोकिएको छ ।

प्रस्तुत अध्ययन गुल्मी जिल्लाका ६ वटा सामुदायिक र २ वटा संस्थागत गरी जम्मा ८ वटा विद्यालयमा सीमित रहेको छ । उक्त विद्यालयमा नि.मा.वि. तहमा नेपाली भाषा शिक्षण गर्ने शिक्षक, प्र.अ. एवम् विद्यार्थीसँग प्रत्यक्ष भेटघाट गरी रूपक विधा शिक्षणका सम्बन्धमा आवश्यक सूचना प्राप्त गर्न प्रश्नावलीका साथमा कक्षा अवलोकन तथा अध्ययन गरिएको छ । नमूना छनोटका निम्ति यी विद्यालयभन्दा बाहिर गई अन्य विषय र विद्यालयमा अध्ययन नगर्नु यसको सीमा रहेको छ ।

## १.७ शोधको औचित्य

हरेक अध्ययन अनुसन्धान र कार्यक्रमको औचित्य अनिवार्य रहेको हुन्छ । यस अध्ययनपछि कुन पक्ष र क्षेत्रमा के कति सहयोग पुग्न सक्छ भन्ने आधारमा प्रस्तावित शोधको औचित्यलाई निम्न बुँदाहरूमा उल्लेख गरिएको छ :

(क) रूपक विधाको सम्बन्धमा परिचय गराउँदै शिक्षण विधि, सामग्री, मूल्याङ्कन प्रक्रिया, शैक्षिक उपलब्धि अध्ययन सम्बन्धी विविध समस्याहरूको पहिचान गर्न सहयोग पुग्नेछ र शिक्षण प्रणाली, क्रियाकलाप र मूल्याङ्कनसमेतको सुधारमा सहयोग पुग्नेछ ।

(ख) समयानुकुल विषयवस्तुको शिक्षणमा विद्यार्थी केन्द्रित विधि प्रयोग गरी पाठ्यक्रम र पाठ्यपुस्तको उद्देश्य पूरा गर्न भाषा शिक्षणमा आवश्यक सुधारको पक्षमा सम्बन्धित

संघसंस्था, व्यक्ति, समुदाय, शिक्षक, योजनाकार र नीति निर्मातासमेतलाई सहयोग पुग्नेछ ।

(ग) रूपक विधा शिक्षण क्रियाकलापबारे जानकारी प्राप्त गरी प्रभावकारी, व्यवस्थित र उद्देश्यमूलक शिक्षण गर्न सहयोग मिल्नेछ ।

(घ) नि.मा.वि. तहमा रूपक विधा शिक्षणसम्बन्धी समस्याको पहिचान गरी समस्या समाधानका उपाय अवलम्बन गर्न सहयोग मिल्नेछ ।

(ङ) भाषा शिक्षकलाई रूपक विधा शिक्षण गर्दा आइपर्ने समस्या पहिचान गरी शिक्षण कार्यमा सुधार गर्न सहयोग मिल्नेछ ।

## १.८ शोधविधि

प्रस्तुत शोधकार्यका लागि छनोटमा परेका विद्यालयका विषय शिक्षकहरूबाट प्राथमिक तथा द्वितीय स्रोतबाट सङ्ख्यात्मक एवम् गुणात्मक सूचना सङ्कलन गरिएको छ । यसरी नि.मा.वि. तहमा अध्यापन गराउने छनोटमा परेका विद्यालयका विषय शिक्षकहरू १/१ जना गरी जम्मा ८ जना शिक्षकलाई प्रश्नावली भराउने, कक्षा अवलोकन गर्ने तथा अभिलेख अध्ययन गर्ने र अध्ययनबाट प्राप्त भएको सूचनाका आधारमा वैज्ञानिक र वस्तुगत प्रक्रियाबाट व्याख्या विश्लेषण विधि प्रयोग गरी निष्कर्ष निकालिएको छ । यस अध्ययनको लागि वर्णनात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ ।

प्रस्तुत शोधका लागि आवश्यक सूचना सङ्कलन गर्न संरचित, असंरचित प्रश्नावली, अवलोकन फारम निर्माण गरिएको छ । शिक्षण कार्यकलाप, शिक्षण विधि, शैक्षिक सामग्री, शैक्षिक योजना र मूल्याङ्कन प्रक्रियासँग सम्बन्धित सूचना सङ्कलन गर्न असंरचित र खुल्ला प्रश्नहरू साथै अवलोकन फारम निर्माण गरिएको छ । यस अध्ययनको लागि आवश्यक सामग्रीको वैधता प्राप्त गर्न नमूना प्रश्नावली र अवलोकन फारमलाई छनोटमा परेका विद्यालयमध्ये २ वटा विद्यालयमा प्रयोग गरी विषय विज्ञहरूको सहमति र सिफारिसमा वैधता प्राप्त गरिएको छ ।

यसै क्रममा आवश्यक सूचना प्राप्त गर्न प्राथमिक तथा द्वितीय स्तरीय दुबै प्रकारका सूचना सङ्कलन गरिएको छ । प्राथमिक सूचनाका लागि नमूना छनोटमा परेका विद्यालयका शिक्षकसँग प्रत्यक्ष भेटघाट, अवलोकन गरी वास्तविक सूचना सङ्कलन गरिएको छ । त्यस्तै द्वितीय स्तरीय सूचना सङ्कलनका लागि विद्यालय अभिलेख, अध्ययन-अध्यापन सामग्री,

विद्यालय प्रतिवेदन, प्रकाशित-अप्रकाशित लेख रचनासमेत अध्ययन गरी सूचना सङ्कलन गरिएको छ । प्रश्नावली, कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरूलाई तालिकीकरण गरी वर्णनात्मक र विवरणात्मक पक्षको व्याख्या, विश्लेषणबाट निष्कर्ष निकालिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

परिच्छेद एक : शोध परिचय

परिच्छेद दुई : रूपक विधाको सैद्धान्तिक एवम् व्यवहारिक पक्ष र स्वरूपहरू

परिच्छेद तीन : नि.मा.वि. तहको नेपाली भाषा पाठ्यक्रममा रूपक विधा

परिच्छेद चार : नि.मा.वि. तहमा रूपक विधा शिक्षण कार्यकलापको व्याख्या र विश्लेषण

परिच्छेद पाँच : निष्कर्ष तथा सुझावहरू

सन्दर्भग्रन्थ-सूची

परिशिष्ट

# परिच्छेद : दुई

# रूपक विधाका सैद्धान्तिक एवम् व्यवहारिक पक्ष र स्वरूपहरू

## २.१ रूपकको परिचय

रूपकको व्युत्पत्ति 'रूप्' धातुमा 'अ' प्रत्यय लागेर बनेको 'रूप' मा 'क' प्रत्यय हुँदा रूपक शब्द सिद्ध हुन्छ (उपाध्याय, २०४९ : ७४) । 'रूप्' धातुमा 'ण्वुल्' प्रत्यय लागेर रूपक शब्दको निर्माण भएको हुन्छ (थापा, २०५० : ५३) । अर्को शब्दमा भन्दा रूपकका अनुकार्य (नायक) को रूपको आरोप नट् (अभिनेता) मा हुन्छ । रूपक शब्दको स्थानमा नाट्य शब्दको प्रयोग भएको पाइन्छ (उपाध्याय, पूर्ववत्) । साहित्य दर्पणकार विश्वनाथका अनुसार नट् (अभिनेता) मा रामादि (नाटकका पात्र) का स्वरूपको आरोप गरिन्छ, त्यसैले दृश्यकाव्यलाई रूपक पनि भनिन्छ (अधिकारी, २०२३ : ११२) । अवस्थाको अनुकरण नै नाट्य हो । त्यही नाट्यरूपलाई रूपक पनि भनिन्छ ।

साहित्यमा उपमान र उपमेयका अभिन्न सम्बन्ध देखाइ वर्णन गर्दा देखापर्ने एक अर्थालङ्कारलाई रूपक भनिन्छ । साहित्यका विविध विधाहरूमध्ये रूपकलाई पनि एउटा छुट्टै विधाका रूपमा लिइन्छ । साहित्यको श्रव्य र दृश्य दुई भेद मध्ये रूपक दृश्य भेदमा पर्दछ । दृश्य काव्यको रूपमा रूपक शब्दको प्रयोग प्राचीन कालदेखि नै हुँदै आएको पाइन्छ । दृश्य काव्य भनेको अभिनयको रूपमा आँखाले देखिने काव्य हो । नटनटीले नायक नायिकाका स्वरूपको अनुकरण गर्दै तिनका विभिन्न शारीरिक, मानसिक अवस्था र कार्यको अनुकरण अभिनयात्मक रूपमा प्रस्तुत गर्ने हुनाले दृश्यकाव्यको समष्टिलाई रूपक भन्नु उचित हुन्छ । रङ्ग मञ्चमा देश, काल विशेषका अवस्थाहरूको प्रतिछायाँ, कल्पना नर्तकहरूद्वारा कथानकका पात्रहरूको हाउभाउ, चेष्ठा, आकृति, भावनाहरूको अनुकरणद्वारा तिनको रूपको आरोपबाट अभिन्न भावना गरी देखाइने हुनाले दृश्य अभिनयलाई रूपक भन्ने नामान्तर भएको पाइन्छ । नाटकलाई प्राचीन कालमा रूपकको एक भेद मानिएको पाइन्छ । त्यतिबेला देखि नै रूपक नाट्यको रूपमा विकसित भएको पाइन्छ ।

पूर्वीय आचार्यहरूले दृश्य काव्यलाई रूपक र नाटक भनेका छन् भने पश्चिमी साहित्यकारहरूले संयोगान्त र वियोगान्त दुवै किसिमका एकाङ्की र नाटकका लागि ड्रामा र प्ले शब्दको प्रयोग गरेका छन् । पूर्वीय आचार्यहरूले रूपकका विभिन्न भेद उपभेद देखाएका भए पनि पश्चिमी आचार्यहरूले दृश्यकाव्यलाई मूलतः कमेडी र ट्रेजडी गरी दुई

भागमा विभाजन गरी त्यसको अभिन्न अङ्गका रूपमा रोमान्स र सेटायरलाई प्रस्तुत गरेका छन् ।

नाट्यसम्राट भरतमुनिले नाट्यशास्त्रमा दश रूपकको प्रयोग गरिएका छन् । पाश्चात्य कालीन आचार्य विश्वनाथले पनि साहित्यदर्पण नामक ग्रन्थमा रूपकको अभिप्राय प्रकट गर्दै रूपकलाई विभिन्न रूपमा विभाजित गर्ने प्रमुख कारक तत्त्व वस्तु, नेता र रस हुन् भनी उल्लेख गरेका छन् । यिनै अन्वितित्रय नै रूपकका प्रमुख तत्व हुन् । वस्तु भनेको कथावस्तु वा कथानक हो । नेता भनेको नायक हो, अनि रस भनेको श्रृङ्गार आदि काव्यरस वा नाट्यरस हुन् ।

यसप्रकार दृश्यकाव्यलाई चिनाउन पूर्वीय साहित्यमा रूपक वा पाश्चात्य साहित्यमा ड्रामा शब्दको प्रयोग पाइन्छ । संस्कृत साहित्यमा रूपकको आरोप गर्नुलाई रूपक र अवस्था विशेषको आरोप गर्नुलाई नाटक भनिएको छ । रूपकलाई दृश्यकाव्यको मूल स्वरूप र नाटकलाई रूपकको मुख्य भेद मानिएको भए पनि भरतमुनिकै समयदेखि नाटक र रूपकलाई पर्यायवाची शब्दको रूपमा प्रयोग गरिएको पाइन्छ । वर्तमान समयमा नेपाली, हिन्दी आदि साहित्यमा नाटक शब्दभित्र नै सम्पूर्ण नाट्यभेदहरू समेटिएको देखिन्छ । अतः रूपक विधाका सम्बन्धमा विभिन्न विद्वानहरूका के कस्ता परिभाषित दृष्टिकोणहरू छन् तिनलाई निम्नानुसार उल्लेख गरिएको छ :

## २.२ परिभाषा

"तदरूपारोपात्त रूपक" अर्थात् दृश्यकाव्यमा अभिनेता र अभिनेत्रीमा रामादि र सीतादि नायक नायिकाकाबाट रूपकको आरोप गरिने हुनाले यसलाई रूपक भन्दछन् । जसरी मुख आदिमा कमल, चन्द्र आदिको आरोप रूपक कहिन्छ, त्यसैगरी नटादिमा आरोप रूपक कहलिन्छ ।

- विश्वनाथ (अधिकारी, २०२३)

"रूपक भन्नाले कुनै कथावस्तु वा घटनालाई बोली तथा हाउभाउद्वारा प्रदर्शन गरिने गरी तयार पारिएको रचना भन्ने बुझिन्छ ।"

-पाठ्यक्रम, २०२८

"कसैको रूपको आरोप गर्नु नै रूपक हो ।"

- थापा, २०५०

"अर्काको व्यवहार, आनीबानी, रूपाकृति, स्वभाव एवम् चारित्रिक विशेषताहरूको दृश्यश्रव्यात्मक रूपमा आरोपित वा अभिनयात्मक प्रस्तुतिलाई रूपक भनिन्छ ।"

- अधिकारी, २०५७

माथिका परिभाषालाई दृष्टिगत गर्दा अभिनेता र अभिनेत्रीमा अरु कसैको व्यवहार, स्वभाव र बानीको आरोप गरिनु रूपक हो । यो अभिनयप्रधान विधा भएकोले यसभित्र कथावस्तु, चरित्र तथा दृश्यहरू रङ्गमञ्चमा देखाउन सकिने गरी संयोजन गरिएको हुन्छ । रूपक अन्तरगत अभिनय वा सम्पूर्ण दृश्यकाव्य पर्दछन् । मान्छेका अगाडि कुनै सन्देश अभिनयात्मक रूपमा प्रस्तुत गर्नु ज्यादै नै प्रभावकारी हुन्छ । यसले मान्छेलाई मौखिक भाषामा अभ्यस्त बनाई हाउभाउ, चेष्टा, मुखमुद्रा मिलाएर प्रभावकारी ढङ्गले अभिनयात्मक भाषाको प्रयोग गर्ने सीप सिकाउँछ ।

संस्कृत भाषामा रूपको आरोप गर्नु रूपक बुझिन्छ । पूर्वीय साहित्यमा रूपक नाटक र पश्चिमी साहित्यमा दुःखान्त र सुखान्त नाटकलाई बुझाउने अर्थमा प्रयोग भएको पाइन्छ । रूप भनेको अनुहार, सौन्दर्य, आकृति, शरीर, मूर्ति वा प्रतिमा भन्ने बुझिन्छ । रूप धातुमा ण्वुल् प्रत्यय लागेर निर्माण भएको रूपकको अर्थ कसैको रूप धारण गर्नु भन्ने बुझिन्छ । सामान्य अर्थमा भन्दा कसैको चालचलन, बोलीचाली, हाउभाउ वा रूपको आरोप गरी अभिव्यक्ति वा प्रस्तुति गर्नु रूपक हो ।

## २.३ रूपक विधाको वर्गीकरण

पाठ्यपुस्तकमा रूपक विधाभित्र संवाद, वादविवाद, मनोवाद र एकाङ्कीलाई समावेश गरिएको पाइन्छ । मौखिक अभिव्यक्तिको क्रममा यी उपविधाहरूले बेग्लाबेग्लै अभिव्यक्तिगत पक्ष तथा शिल्पलाई सङ्केत गर्ने हुँदा निम्नानुसार चर्चा गरिएको छ ।

### २.३.१ संवाद

संवाद साहित्यका अन्य विधा र नाटक वा एकाङ्कीलाई छुट्याउने महत्त्वपूर्ण तत्व हो । निर्दिष्ट विषय शीर्षकमा दुई वा दुईभन्दा बढी व्यक्तिहरूबीच भएको कुराकानीलाई संवाद भनिन्छ । संवादलाई कथोपकथन पनि भनिएको पाइन्छ । संवाद शिक्षणले व्यक्तिमा हाउभाउपूर्ण ढङ्गबाट आफ्ना विचारहरू अरुका सामू राख्ने कलाको विकासमा महत्त्वपूर्ण भूमिका खेल्दछ । कुनै विषय शीर्षकमा केन्द्रित भई दुई वा सो भन्दा बढी व्यक्तिहरू सहभागी भएर धारणाहरू प्रस्तुत गर्ने, विश्लेषण गर्ने तथा निक्यौल गर्ने कार्यलाई संवाद

भनिन्छ (लामिछाने, २०५२ : १०४) । संवादमा प्रयोग गरिने भाषामा हार्दिकता, पारस्परिकता, सहजता, सम्प्रेषणीयता, वाक्य गठन र शब्द प्रयोगमा सरलता जस्ता विशेषताहरू हुनुपर्दछ । विद्यालय स्तरमा संवादलाई प्रयोगमा ल्याउने प्रयोजन चाहिं विद्यार्थीको मौखिक अभिव्यक्तिगत ढङ्ग ढाँचा अनुरूप उपयुक्त तरिकाबाट निपातको समेत प्रयोग गर्दै हाउभाउपूर्ण ढङ्गबाट अङ्ग सञ्चालन गरी विचारको प्रस्तुतीकरण गर्न सक्षम होउन् भन्ने धारणा राखेको पाइन्छ । संवादमा वक्ता र श्रोताको उपस्थितिमा सहज अभिव्यक्ति हुने हुँदा अभिव्यक्ति सीप विकासका लागि विद्यार्थीलाई सक्रिय बनाउन सकिन्छ ।

#### २.३.१.१ संवाद शिक्षण क्रियाकलापहरू

संवाद शिक्षण गर्दा सर्वप्रथम विद्यार्थीहरूलाई संवाद सस्वर वाचन गर्न लगाउने ठीक ढङ्गले सस्वरवाचन गर्न नसकेमा शिक्षकले सस्वरवाचन गरेर सुनाइ दिने गर्नु पर्दछ । सस्वरवाचनका क्रममा कठिन शब्दहरूको अर्थ बताउँदै जाने र ती शब्दहरूको वाक्यमा प्रयोग गर्न लगाउने गर्नुपर्दछ । संवादमा पात्र अनुसारका विभिन्न भूमिकाहरूमध्ये एउटालाई एउटा भूमिका दिई उक्त भूमिका अनुसार हाउभाउपूर्ण ढङ्गबाट भन्न लगाउनु राम्रो हुन्छ । साथै विद्यार्थीहरूको स्तर सुहाउँदो विषय दिई मौखिक संवाद गराउने, विभिन्न विषय शीर्षकमा आवश्यक महत्त्वपूर्ण बुँदाहरू दिएर संवाद रचना गर्न लगाउने, विषयमात्र दिई स्वतन्त्र संवाद लेख्न लगाउने र संवाद पूर्ति लेखन जस्ता क्रियाकलाप गराउनु पर्दछ ।

### २.३.२ वादविवाद

रूपक विधाको प्रारम्भिक ज्ञान दिने उपविधा संवाद हो भने संवादपछि रूपक सम्बन्धी ज्ञान दिने उपविधा वादविवाद हो । कुनै विषयको मूल भाव पहिल्याउनका लागि आफ्ना बुँदाहरूको समर्थन र विपक्षीका बुँदाहरूको शिष्टतापूर्वक खण्डन मण्डनका साथ गरिने वाक् प्रतियोगितालाई वादविवाद भनिन्छ । वादविवाद प्रतियोगिता सञ्चालन गर्दा निश्चित विषय शीर्षक निर्धारण गरी निर्दिष्ट विषयमा अभिव्यक्ति प्रस्तुत गर्न निश्चित वक्ताहरूको सहभागिता रहन्छ । वक्ताहरूलाई विषय शीर्षकको पक्ष र विपक्षमा विभाजन गरी विषय शीर्षकमा तर्क गराइन्छ । वादविवाद शिक्षणले अरुको विचार सुनेर हाउभाउपूर्ण तरिकाले यसको खण्डन गर्न सक्ने क्षमताको विकास गराउँदछ । विद्यालय स्तरीय भाषा पाठ्यपुस्तकमा वादविवाद राखिनुको मूल प्रयोजन विद्यार्थीहरूलाई विवादात्मक अभिव्यक्तिमा

सक्षम बनाउनु र तर्कपूर्ण ढङ्गबाट आफ्ना भनाइ अरुसमक्ष प्रस्तुत गर्ने कार्यमा सक्षम बनाउनु रहेको देखिन्छ ।

संवाद जस्तै वादविवाद पनि पारस्परिक मौखिक अभिव्यक्तिहरूसँग सम्बन्धित भए पनि संवादको अपेक्षा वादविवाद बढी तार्किक र बौद्धिक खालको हुन्छ । विषयवस्तु विवादास्पद हुनु र बौद्धिक खालको हुन्छ । विषयवस्तु विवादास्पद हुनु र त्यस्ता विषयवस्तुमा पक्ष र विपक्ष भई तर्कहरू पेश गर्ने अभिव्यक्तिको ढङ्ग ढाँचा हुनु वादविवादको विषय हो (अधिकारी, २०५७ : १९०) । वादविवाद शिक्षणबाट विद्यार्थीको बौद्धिक विकास हुनुका साथै तर्कपूर्ण ढङ्गले कुनै पनि कुरालाई प्रस्तुत गर्ने क्षमता विकास हुन्छ ।

### २.३.२.१ वादविवाद शिक्षणका कार्यकलापहरू

वादविवाद शिक्षण गर्दा सर्वप्रथम वादविवादमा सहभागी हुने विद्यार्थीहरूलाई विषय शीर्षकको पक्ष र विपक्ष मध्ये कुनै समूहको भूमिका तोकिदिनु पर्छ । त्यसपछि वादविवाद सम्बन्धी नियमहरू पढेर सुनाइदिने र वादविवादमा सहभागी विद्यार्थीहरूलाई पालैपालो गरी हाउभाउपूर्ण तरिकाले आफ्ना कुराहरू प्रस्तुत गर्न लगाउनु पर्छ र अन्त्यमा शिक्षकले निर्णय सुनाइ आवश्यक पृष्ठपोषण दिनु राम्रो हुन्छ ।

पाठ्पुस्तकमा दिइएको वादविवाद सिकाउँदा विभिन्न वक्ताहरूले भनेका कुराहरूलाई सस्वरवाचन गर्न लगाउने सस्वर वाचनका क्रममा कठिनाइ भएमा शिक्षकले सस्वर वाचन गरेर सुनाउनु पर्छ । पाठ्यपुस्तकमा दिइएको वादविवादमा प्रयुक्त कठीन शब्दहरूको अर्थ शुरुमा बताउन आवश्यक हुन्छ । अन्त्यमा वादविवादका क्रममा विभिन्न वक्ताहरूले भनेका महत्त्वपूर्ण कुराहरूसँग सम्बन्धित प्रश्नहरू सोध्ने गर्नुपर्छ साथै कुनै विषय शीर्षक दिएर त्यसको पक्ष वा विपक्षमा तर्कहरू लेखेर ल्याउन गृहकार्य दिनु पर्छ ।

### २.३.३ मनोवाद

कुनै खास प्रसङ्ग वा सोचाइसँग सम्बन्धित रहेर वक्ताले आफैसँग एक्लै गरेको कुराकानीलाई मनोवाद भनिन्छ । यसलाई एकालाप वा स्वगत कथन पनि भनिन्छ । व्यक्तिले आफ्नो मनमनै कुनै कुरा सोंच्दछ र आफै एक्लै नै प्रकट गर्दछ । त्यसमा दोस्रो व्यक्ति उपस्थित हुनु आवश्यक पर्दैन र उपस्थित भएमा मनोवादको उक्त अभिव्यक्तिको क्रम टुक्रिन्छ (लामिछाने, २०५२ : १०५) । मनोवादमा एकजना मात्र पात्र हुने हुँदा संवादमा झैँ

दोहोरो कुराकानी हुँदैन । यसमा पात्र एक्लो हुने हुँदा उसको मनका स्मृति, कल्पना, पश्चताप, द्विविधा, खुल्दुली, सङ्कल्पको अभिव्यक्ति पाइन्छ । खास प्रसङ्ग वा घटनाको अनुभवकर्ता व्यक्तिका मनस्थितिलाई उद्घाटन गर्न सक्ने मूल अभिनेयात्मक अभिव्यक्ति नै मनोवाद हो । मनोवादमा पात्रले कुनै खास कारणले गर्दा आफू एक्लैले कुरा गर्ने, भुतभुताउने, छटपटिने, मनमा कुरा खेलाउने जस्ता कार्य गर्दछ । विषय शीर्षक, पात्र, विषयवस्तुको संरचना पात्रका अभिव्यक्तिका बीचबीचमा राखिने नाटकीकरण हाउभाउ, मुखमुद्रा आदिका सङकेतहरू मनोवादको संरचना निर्माण गर्न आवश्यक पर्ने तत्त्वहरू हुन् ।

मनोवाद शिक्षणबाट विद्यार्थीहरूमा खास खास प्रसङ्ग वा घटना आफैले अनुभव गरेका र ती अनुभवका आधारमा मनमा उत्पन्न भएका सोचाइ तथा तर्कनाहरूलाई मूर्त रूपमा अभिनयात्मक ढङ्गले व्यक्त गर्ने कलाको विकास हुन जान्छ । त्यसबाट प्रसङ्ग अनुसार हाउभाउ, मुखमुद्रा, अङ्ग सञ्चालन आदि प्रक्रियाको क्षमता बढाउन पनि सहयोग पुग्दछ ।

### २.३.३.१ मनोवाद शिक्षण कार्यकलाप

मनोवाद शिक्षण गर्दा मनोवादको परिचय दिंदै मनोवादको उद्देश्य बताउने र पाठ्यपुस्तकमा दिएको मनोवाद वा नमूना मनोवादलाई हाउभाउ सहित सस्वरवाचन गराउनु पर्दछ । आवश्यक परेमा शिक्षक आफैले सस्वरवाचन गरेर सुनाउने गर्नुपर्दछ । त्यस्तै गरी मनोवादको शीर्षक दिई मनोवाद लेखनको अभ्यास गराउनु पर्छ ।

### २.३.४ वक्तृता

सीपपूर्ण बोलाई, वाक्पटुता, भाषण गर्ने योग्यता, प्रवचन, भाषण, आदिलाई नै वक्तृता भनिन्छ (शर्मा, २०५६ : ११८१) । वक्तृता एउटा विषय शीर्षकमा केन्द्रित भई श्रोता समक्ष आफ्ना विचारहरू बोलेर प्रभावकारी ढङ्गले प्रस्तुत गर्ने कार्य हो । स्पष्टता, क्रमबद्धता, सम्बद्धता, शिष्टता र सरलता यसका गुणहरू हुन् । यसर्थ विषय वस्तुमा सम्बद्ध रही स्पष्ट, क्रमबद्ध, शिष्ट र सरल भाषाशैली मा प्रस्तुत गरिने स्वतन्त्र अभिव्यक्ति वक्तृता हो । तर्कपूर्ण अभिव्यक्ति प्रस्तुत गर्न सक्षम बनाउने उद्देश्यानुरूप वादविवादलाई जस्तै भाषा पाठ्यक्रममा व्यवस्था गरिएको पाइन्छ । वक्तृताको अभ्यासले विद्यार्थीहरूको सम्बोधन कला, तर्कपूर्ण,

अभिव्यक्ति सीप, तर्कहरूको पुष्टि गर्ने सीप, हाउभाउ, कलात्मक शैली र शुद्ध भाषाको प्रयोग गरेर विषयवस्तुको प्रस्तुतीकरण गर्ने क्षमताको विकास हुन्छ ।

### २.३.४.१ वक्तृता शिक्षण कार्यकलाप

वक्तृता शिक्षण गर्दा सर्वप्रथम विद्यार्थीहरूलाई वक्तृताको परिचय दिने र वक्तृता सम्बन्धी नियमहरू बताइदिने गर्नुपर्छ । त्यसपछि वक्तृतामा सहभागी विद्यार्थीहरूलाई पालैपालो आ-आफ्नो विचार हाउभाउपूर्ण ढङ्गबाट प्रस्तुत गर्न लगाउनु पर्छ र अन्त्यमा शिक्षकले निर्णय सुनाइ विद्यार्थीहरूलाई आवश्यक पृष्ठपोषण दिनुपर्छ ।

पाठ्यपुस्तकमा भएको वक्तृता शिक्षण गर्दा पाठमा भएका कठीन शब्दहरूको अर्थ शुरुमा बताइदिने र वाक्यमा प्रयोग गर्न लगाउने वक्ताहरूले भनेका महत्त्वपूर्ण कुराहरूसँग सम्बन्धित प्रश्नहरू सोध्ने, मत्त्वपूर्ण बुँदाहरूलाई टिपोट गर्न लगाउने र कुनै शीर्षक दिई त्यसका बारेमा आफ्ना विचारहरू लेखेर ल्याउन गृहकार्य दिने जस्ता क्रियाकलाप गराउन सकिन्छ ।

### २.३.५ एकाङ्की

एकै अङ्कमा बाँधिएको नाटकलाई एकाङ्की भनिन्छ (उपाध्याय, २०५२ : ११८) । एक अङक मात्र भएको आफैमा पूर्ण, छोटो नाटक, एक अङ्कमात्र हुने एकप्रकारको दृश्यकाव्यलाई एकाङ्की भनिन्छ । अभिनयका दृष्टिले यो संवाद र विवाद भन्दा अझ विशिष्ट प्रभावकारी र विविधतापूर्ण हुन्छ (अधिकारी, पूर्ववत् : १९१) । एक अङ्क, एकै दृश्य र थोरै पात्रद्वारा संरचित, सङ्क्षिप्त र सीमित आकारमा प्रस्तुत गरिने जीवन र जगत्का एकपक्षीय चित्रण नै एकाङ्की हो । जसलाई रोचक र प्रभावकारी रूपबाट संवादात्मक र अभिनयात्मक प्रस्तुतिका साथ मञ्चन गरिन्छ । विद्यालय तहमा एकाङ्कीको अध्ययन गराउनुको मूल प्रयोजन विद्यार्थीहरूलाई नाटकीय प्रणालीमा अभ्यस्त बनाई यथार्थ रूपमा नाटकीकरण गर्न सक्षम बनाउने, मौखिक भाषाको अभिव्यक्ति हुने साथै सस्वर पठनका लागि समेत सहयोग पुऱ्याउनु हो । एकाङ्कीबाट चारित्रिक भूमिका निर्वाह गर्न सूक्ष्म ज्ञान प्राप्त हुनुका साथै व्यवहारिक सीप तथा ज्ञान समेत प्राप्त हुने हुँदा आनन्दानुभूतिको अनुभव गर्न सकिन्छ ।

#### २.३.५.१ एकाङ्की शिक्षणका कार्यकलापहरू

एकाङ्की शिक्षण गर्दा सर्वप्रथम एकाङ्कीकारको सङ्क्षिप्त साहित्यिक परिचय दिने र एकाङ्कीकारको उद्देश्य बताउनु पर्छ । त्यसपछि शिक्षकले पात्र अनुसारको अभिनय सहित नाटकको आदर्शवाचन गर्ने र विद्यार्थीहरूलाई अनुकरणात्मक वाचन र भावअनुसारको वाचन गर्न लगाउनु पर्छ । पाठमा दिइएका विशिष्ट शब्द तथा उखान टुक्काहरूको अर्थ स्पष्ट पार्दै वाक्यमा प्रयोग गर्न लगाउने, मौनवाचन गर्न लगाई बोध प्रश्नहरूको उत्तर खोज्न लगाउने, एकाङ्कीका पात्र, भाषाशैली, उद्देश्य परिवेश कथानक आदिका बारेमा विवेचना गर्न लगाउने क्रियाकलाप गर्नु पर्दछ । यसका साथै सङ्क्षिप्त उत्तरात्मक र विवेचनात्मक प्रश्नहरूको उत्तर दिन लगाउने, गृहकार्यका रूपमा पात्रहरूको चरित्र चित्रण विशिष्ट पङ्क्तिको व्याख्या गर्न लगाउने र लेख्न लगाउनुका साथै संवादात्म्क क्रियाकलाप गराउन सकिन्छ ।

## २.४ रूपक शिक्षणको प्रयोजन

भाषा शिक्षणको उद्देश्य भाषिक सीपको विकास गराउनु हो । भाषिक सीपको विकास गर्न सहयोग गर्ने विभिन्न विधाहरू मध्ये रूपक पनि एक महत्त्वपूर्ण र प्रभावकारी विधा मानिन्छ । विद्यार्थीहरूको भाषिक सीपको विकास गर्न कथा, कविता, निबन्ध, चिठ्ठी दैनिकी जस्ता विधाहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरे पनि अभिव्यक्ति सीपको विकास गर्न रूपक विधा बढी उपयोगी मानिन्छ । कथ्य भाषाको जीवन्तताको बोध र सो अनुरूप जीवन्त भाषाको प्रयोग गर्ने क्षमताको विकास गर्न सहयोग पुऱ्याउनु रूपक विधाको मुख्य प्रयोजन मानिएको छ (अधिकारी, २०५७ : १६९) । मानिसका विभिन्न स्वभाव र स्वभावजन्य कार्यकलापको प्रस्तुति रूपकको मुख्य विषय हो । रूपकमा भाषिक पक्ष मात्र नभई हाउभाउ, मुखमुद्रा, अङ्ग सञ्चालन जस्ता भाषिकेतर पक्षहरू पनि संलग्न हुन्छन् । अर्काको आनीबानी बोलीवचनको दुरुस्त अनुसरण गर्ने बानीको विकास गर्न आफ्नो मनोभावनालाई सजीव एवम् प्रभावशाली रूपमा प्रस्तुत गर्न र श्रोता वा प्रसङ्ग अनुसारको भाषिक व्यवहार गर्ने क्षमताको विकास गर्न यस विधाको भूमिका महत्त्वपूर्ण रहन्छ ।

नेपालका नि.मा.वि. तहसम्म नेपाली भाषा शिक्षण गर्नुको प्रमुख उद्देश्य विद्यार्थीहरूलाई भाषिक सीपको शिक्षणका माध्यमबाट उनीहरूमा भाषिक दक्षता अभिवृद्धि गर्नु हो । भाषिक सीप विकासका लागि विभिन्न विधा शिक्षणका साथै भाषातत्त्व र

शब्दभण्डारलाई माध्यम बनाउन सकिन्छ । रूपक भाषिक सीप विकास गराउन समेटिएको एउटा महत्त्वपूर्ण विधा हो । नि.मा वि. तहको नेपाली पाठ्यक्रममा रूपक शिक्षणबाट सबैभन्दा बढी बोलाइ र पढाइ सीपको विकास गर्ने उद्देश्य पाइन्छ भने त्यसपछि सुनाइ र लेखाइ सीप प्राथमिकता क्रममा देखिन्छन् । यसबाट पनि नि.मा.वि. तहमा रूपक शिक्षणको उद्देश्य भाषिक सीप विकास गराउनु नै रहेको देखिन्छ ।

रूपक विधाको माध्यमबाट गति, यति, मिलाइ सस्वर पठनको अभ्यासको साथै शब्दोच्चारण, वाक्य गठन, हिज्जे र अन्य व्याकरणात्मक अभ्यास गराउन सकिन्छ । यसबाट विद्यार्थीहरूमा शब्द भण्डारको बृद्धि उच्चारणमा सुधार र रचनाकौशलको विकासका लागि रूपक विधा उत्तम शैक्षणिक क्रियाकलाप भित्र पर्छ ।

रूपक शिक्षणको प्रयोजनलाई निम्न लिखित बुँदामा समेटी प्रस्तुत गर्न सकिन्छ :

- रूपक विधाका पाठहरूलाई गति यति मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न सक्षम बनाउन,
- भावअनुसार लय, सुर र आघात मिलाई सस्वरपठन गर्ने क्षमता विकास गर्न,
- भाषाको मौखिक र लिखित अभ्यास गराउन,
- आफूले भन्न चाहेको कुरा शिष्ट भाषामा प्रयोग गरी हाउभाउपूर्ण र प्रभावकारी ढङ्गले अभिव्यक्त गर्न सक्षम बनाउन,
- नाटकीय अभिव्यक्ति प्रणालीमा सक्षम बनाउन,
- विवादात्मक, संवादात्मक अभिव्यक्ति सुनी त्यसमा प्रयुक्त चेष्ठा, अभिनय आदिको प्रदर्शन गर्न सक्षम बनाउन,
- बौद्धिक क्षमता अभिवृद्धि गर्न,
- संवाद, विवाद, छलफल जस्ता कार्यक्रममा भाग लिन सक्ने बनाउन,
- व्यवहारिक ज्ञान र सीपका साथै आनन्दानुभूति प्रदान गर्न,
- रचनात्मक ढङ्गले विचार व्यक्त गर्न सक्षम बनाउन,
- संवाद एवम् विवाद लेखन क्षमताको विकास गराउन,
- प्रसङ्ग अनुसार आचरण गर्न र कुराकानी सिकाउन,
- विद्यार्थीहरूलाई व्यवहारमा कुशल बनाउन, अभिनय वा नाटकीकरण गर्न,
- भाषा प्रयोग गर्ने क्षमताको विकास गर्न,

- अरुको आचरण वा व्यवहारको अनुसरण गर्न,
- कठिन शब्दको अर्थ बताउन र वाक्य गठन क्षमताको विकास गर्न,
- उखान टुक्का र निपातको सन्दर्भअनुकूल प्रयोग गर्ने बानीको विकास गर्न,
- विशिष्ट पङ्क्तिको व्याख्या, तात्पर्य स्पष्ट पार्ने क्षमता विकास गर्न,
- व्याकरणका आधारभूत नियमहरूबारे जानकारी गराउन ।

## २.५ रूपक शिक्षण कार्यकलाप

रूपक विधा मूलतः विद्यार्थीको अभिव्यक्ति सीप विकासका लागि भाषा पाठ्यक्रममा समाविष्ट गरिएको पाइन्छ । त्यसैले रूपक शिक्षण गर्दा विद्यार्थीहरूलाई अत्यधिक सक्रिय गराउनु आवश्यक हुने भएकाले यसका कार्यकलापहरूमा विशेष जोड दिनुपर्दछ । शिक्षकले आफ्नो पूर्वज्ञान, अनुभव र उद्देश्य अनुसार आ-आफ्नो तरिकाबाट शिक्षण कार्यकलाप गरे पनि सामान्यतया निम्न लिखित कार्यकलापहरू गराएमा यस तहमा रूपक शिक्षण गर्न सजिलो हुने देखिन्छ ।

### २.५.१ अभिनय तथा नाटकीकरण

रूपक शिक्षणका क्रममा कुनै पाठमा प्रस्तुत पात्रका चारित्रिक विशेषताहरू झल्किने गरी अभिनय प्रस्तुत गर्न लगाउनु उपयुक्त हुन्छ । यसो गर्नाले खास व्यक्तिको अनुकरण गर्ने, खास प्रसङ्गलाई दुरुस्त किसिमले वर्णन गर्ने क्षमता विकास हुन्छ (अधिकारी र शर्मा, २०५६ : ११२) । साथै सन्दर्भ अनुकूल अङ्ग सञ्चालन, मुखमुद्रा, हाउभाउ बोलीचाली, सुख-दुःख हाँसो, रोदन, रिसाइ आदि भाव अभिव्यक्ति हुनु आवश्यक मानिन्छ । त्यसैले रूपक शिक्षण गर्दा सम्बन्धित पाठमा दिइएको विभिन्न भूमिका विभिन्न विद्यार्थीलाई तोकी उक्त भूमिका अनुसार अभिनय गराउनु पर्दछ ।

### २.५.२ सस्वर पठन

लिपिवद्ध सामग्रीलाई अरुले सुन्ने गरी सुहाउँदिलो आवाज निकाली पढ्नु नै सस्वर पठन हो । सस्वर पठन गर्दा गति, यति, सुर, आघात, हाउभाउ, चेष्टा आदिको ख्याल गर्नुपर्ने हुन्छ । सस्वर पठनबाट विद्यार्थीको आत्मबल बढाउन, सङ्कोच हटाउन, शारीरिक

विकासमा बल पुऱ्याउन, मौन वाचनको आधार तयार गर्न, उच्चारणमा सुधार ल्याउन मद्दत पुग्दछ । यसका कार्यकलापहरू निम्न छन् :-

### २.५.२.१ गति, यति मिलाएर पढ्ने

विद्यार्थीहरूलाई पठन सीपमा दक्ष बनाउन शिक्षकले लेख्य सामग्रीमा गति, यतिको पत्ता लगाई विद्यार्थीहरूले गरेका गल्ती, कमजोरीलाई सच्चाउन निर्देशन दिने काम गर्नु पर्दछ । छिटो छिटो पढ्नु गति हो भने प्रत्येक पद, पदावली, उपवाक्य र वाक्यवाक्यका बीचमा आवश्यक पर्ने विश्राम यति हो । उपयुक्त ठाउँमा आवश्यक विश्राम गर्दै गति, यति दुबैको सन्तुलनमा ध्यान दिनुपर्छ । गति, यतिको समग्र ख्याल गरी पठन गराइएमा विद्यार्थीका कमीकमजोरीहरू दोहोरिँदैनन् र वाचन क्षमतामा पनि विकास हुन्छ ।

### २.५.२.२ हाउभाउसहित पढ्ने

हाउभाउपूर्ण तरिकाले सस्वर पठन गराउँदा पढाई प्रभावकारी हुने गर्दछ । त्यसैले कक्षा कार्यकलाप गराउँदा हाउभाउ, चेष्टा र मुखाकृतिलाई ध्यान दिनुपर्छ । विद्यार्थीको अनुभव स्तर सुहाउँदा संवादहरू अभिनयात्मक ढङ्गले पढ्न लगाउनु उपयुक्त हुन्छ । यसो गर्दा पाठ्यसामग्रीमा भएका कुराहरू प्रभावकारी ढङ्गबाट प्रसारित हुन्छन् ।

### २.५.२.३ चिन्हहरूको ख्याल गरी पढ्ने

पाठ्यसामग्रीमा भएका लेख्य चिन्हहरूको प्रयोग कुन रूपमा कसरी प्रयोग भएको छ सो जानकारी गराएर विद्यार्थीलाई यसतर्फ आकृष्ट गर्नुपर्छ । प्रश्नचिन्ह, पूर्णविराम चिन्ह, अल्पविराम, विस्मयादिबोधक आदि चिन्हहरू प्रयोग भएका वाक्यहरू बनाई वा पत्रपत्रिकाबाट छानेर विद्यार्थीहरूलाई सस्वर पठन गराउनु पर्दछ ।

### २.५.२.४ लय, सुर वा आघातको प्रयोग गरी पढ्ने

सस्वरवाचन गराउँदा लय सुर वा आघातमा ध्यान दिनुपर्छ । लय, सुर वा आघात आदिको प्रयोगले अर्थलाई भिन्न गराउन सक्छ । कुनै अक्षर वा शब्दमा जोड दिनु आघात हो । यसले अर्थमा फरक नल्याए पनि दृढता व्यक्त गर्न मद्दत पुग्दछ । सस्वर पठन गर्दा स्वरको आरोह अवरोहले समेत अर्थगत भिन्नता ल्याउन सक्ने हुँदा रूपक विधा शिक्षण गर्दा यिनको पर्याप्त अभ्यास गराउनु पनि आवश्यक देखिन्छ ।

### २.५.२.५ भावअनुसार पढ्ने

रूपक विधाका पाठ्यसामग्रीहरू पढ्दा त्यसको भावलाई ख्याल गर्नुपर्दछ । भाव अनुसार सस्वरपठन गराएमा पाठ्यसामग्री श्रुतिमधुर र मौलिक बन्दछ । यदि भाव एकातिर र पढाइको किसिम अर्कै भयो भने त्यस्तो पढाइ प्रभावकारी नहुने मात्र नभई हाँस्यास्पद पनि हुन्छ । त्यसकारण सस्वर पठन गराउँदा भाव अनुसार पठन गरे नगरेको कुरामा ध्यान दिनुपर्छ ।

### २.५.३ मौन पठन

लिपिबद्ध सामग्रीलाई आवाज ननिकाली मनमनै पढ्नु मौनपठन हो । यस्तो पठनमा अङ्गप्रत्यङ्गको सञ्चालन त्यति आवश्यक नपर्ने हुँदा ध्यान केन्द्रित हुने गर्दछ । प्राथमिक तहका विद्यार्थीका लागि मौन पठन स्तरअनुकुल र प्रभावकारी नभए पनि सोभन्दा माथिल्ला तहका कक्षामा यो पठन बढी महत्त्वपूर्ण हुन्छ । मौन पठनबाट भाव ग्रहण गर्न सजिलो हुने र थोरै समयमा धेरै जानकारी हासिल गर्न सकिन्छ । मौन पठनको अभ्यास सस्वरपठनको राम्रो अभ्यास गराइसकेपछि मात्र गर्नु उपयुक्त हुन्छ । मौन पठनको अभ्यासबाट पढाइको गति बढाउन र पठनबोध सीपको विकास गर्न सकिन्छ । पठनबोधका कार्यकलाप निम्न छन् :

- कुनै संवाद पढ्न लगाई यसमा व्यक्त सार कुरा वा मुख्य विचार बताउन लगाउने,
- पाठका संवाद निर्दिष्ट अनुच्छेद पढ्न लगाई तिनका आधारमा पहिले वा पछि हुने कुरा वा घटनाको अनुमान गर्न लगाउने,
- पाठमा व्यक्त विचार वा दृष्टिकोणप्रति समूह वा व्यक्तिगत रूपमा प्रतिक्रिया दिन लगाउने,
- निर्दिष्ट पाठबाट सोध्न सकिने बोध प्रश्नहरू पहिले नै कालोपाटीमा लेखी ती प्रश्नहरूको उत्तर सम्बन्धित पाठमा खोज्न लगाउने
- रूपक विधाको सम्बन्धित पाठ पढ्न लगाई त्यसमा आधारित विभिन्न प्रश्नहरू बताउन लगाउने,
- खाली ठाउँ भर्न लगाउने ।

### २.५.४ बोध प्रश्नोत्तर

भाषा पाठ्यक्रमका अन्य विधाहरूमा जस्तै रूपक विधामा पनि सम्बन्धित पाठका विषयवस्तुका बारेमा प्रश्नोत्तर गराउन सकिन्छ तर रूपक विधाको शिक्षणको मुख्य प्रयोजन बोध भन्दा पनि भाषाका मौखिक रूपको अभ्यास भएको हुँदा बोध प्रश्नोत्तरलाई पूर्व तयारीका रूपमा मौखिक अभ्यास गराउनु उपयुक्त देखिन्छ ।

#### २.५.४.१ बोध प्रश्नोत्तर कार्यकलाप

यसका कार्यकलापलाई निम्न बुँदामा प्रस्तुत गरिएको छ :

- विद्यार्थीहरूलाई पाठको निदिष्ट अनुच्छेद सरसर्ती पढ्न लगाई शब्दार्थ सम्बन्धी कठिनाइ भए समाधान गरिदिने,
- समय निर्धारण गरी निर्दिष्ट अनुच्छेद मौनवाचन गराउने,
- उक्त अनुच्छेदबाट सोध्न सकिने बोध प्रश्नहरूको सूची प्रदर्शन गर्ने वा कालोपाटीमा लेखेर देखाउने,
- विद्यार्थीहरूलाई पालैपालो प्रश्नहरू सोधी मौखिक रूपमा उत्तर दिन लगाउने,
- सही उत्तर नआएमा तोकिएको अनुच्छेदमा पुनः उत्तर खोज्न लगाउने र आवश्यक पृष्ठपोषण दिने,

### २.५.५ संवाद तथा विवाद लेखन

विद्यार्थीको रुचि, अनुभव र स्तर अनुसार उनीहरूले जानेबुझेका विषयवस्तुलाई संवाद र विवादको स्वतन्त्र लेखन गर्न लगाएर कक्षामा सुनाउन उत्प्रेरित गर्नुपर्छ । यस्तो कार्यकलापले विद्यार्थीहरूको मौखिक अभिव्यक्तिको अभ्यासमा सहयोग पुग्दछ ।

#### २.५.५.१ संवाद तथा विवाद लेखन क्रियाकलाप

संवाद तथा विवाद लेखन कार्यकलाप निम्न छन् :

- विषय शीर्षकका आवश्यक बुँदाहरू दिएर संवाद वा विवाद रचना गर्न लगाउने,
- विषय मात्र दिई स्वतन्त्ररूपमा संवाद, विवाद लेख्न लगाउने,
- कुनै विषय शीर्षक दिई त्यसको पक्ष वा विपक्षमा तर्क, दृष्टिकोण लेख्न लगाउने,

- विद्यार्थीहरूले तयार पारेको संवाद/विवादको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण दिने,

## २.६ निष्कर्ष

भाषा पाठ्यपुस्तकमा राखिने विधाहरू मध्ये रूपक पनि एउटा विधा हो । रूपक विभिन्न प्रकारका रोचक घटनाहरूसँग सम्बन्धित हुन्छ । मूलतः रूपक दृश्यात्मक विधा भएकोले यसलाई हेर्न मानिसहरू उत्सुक हुन्छन् । रूपकमा जीवनको एक अंशदेखि सिङ्गो जीवनको झलक पाइन्छ । रूपक विधाले मूलतः मौखिक अभिव्यक्तिगत विशेषताहरूकै प्रतिनिधित्व गर्दछ । अर्काको आनीबानी रूपाकृति, स्वभाव एवम् चारित्रिक विशेषताहरूकै दृश्य श्रव्यात्मक रूपमा आरोपित वा अभिनयात्मक प्रस्तुतिलाई नै रूपक हो भनिएको छ । यो कथ्य भाषासँग सम्बन्धित विधा भएकोले मौखिक अभिव्यक्तिका माध्यमबाट आफ्ना भावना, संवेग तथा विचारको प्रभावपूर्ण आत्मप्रदर्शनमा अभ्यस्त हुन उक्त विधालाई उपयोगी बनाउन सकिन्छ । मानवका विभिन्न किसिमका स्वभाव र स्वभावजन्य कार्यकलापको प्रस्तुति यसको मुख्य विषय भएको हुँदा यसमा भाषिक पक्ष मात्र संलग्न नभई भाषिकेतर (हाउभाउ, अङ्ग सञ्चालन मुखमुद्रा आदि) पक्षको पनि प्रसङ्गनुकुल अभिव्यक्तिहरू महत्त्वपूर्ण हुन्छ । अर्काको आनीबानी, बोलीचालीको दुरुस्त अनुकरण गर्ने क्षमताको विकास गर्न आफ्नो मनोभावलाई सजीव एवम् प्रभावकारी रूपमा प्रस्तुत गर्न, श्रोता वा प्रसङ्गअनुसारको भाषाको प्रयोग गर्ने क्षमताको विकास गर्न पनि रूपकलाई उपयोगी बनाउन सकिन्छ । कथ्य भाषाको मौलिकता जीवन्तताको बोध साथै सो बमोजिम भाषाको प्रयोग गर्ने क्षमताको विकासका लागि रूपक विधा सहायक सिद्ध देखिन्छ । व्यक्तिका प्रसङ्ग विचार भाव अनुसार भाषाको अनुसरणमा जोड दिइनुका अतिरिक्त तिनको अनुसरण मौलिक, स्वभाविक र रचनात्मक हुनु त्यति नै आवश्यक देखिन्छ साथै उक्त किसिमको अभिव्यक्तिले दर्शक वा श्रोताहरूलाई आकर्षित बनाउने मात्र नभई अभिव्यक्तिकर्तालाई समेत आनन्दानुभूति र आत्मसन्तुष्टि प्राप्त हुन सक्ने स्थिति सृजना गरिनु आवश्यक हुन्छ ।

# परिच्छेद : तीन

# नि.मा.वि. तहको नेपाली भाषा पाठ्यक्रममा रूपक विधा

## ३.१ निर्दिष्ट पाठ्यक्रममा रूपक विधाको स्थान (नि.मा.वि. तहको नेपाली पाठ्यक्रम २०६४)

राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ वि.स. लागू भएपछि सर्वप्रथम देशको समग्र शैक्षिक व्यावस्थापनमा आमूल परिवर्तन भएको देखिन्छ । यसै सन्दर्भमा नेपाली भाषा शिक्षणलाई सीपमूलक एवम् प्रयोगपरक ढङ्गबाट शिक्षण गर्ने गरी सीपगत रूपमा अङ्क र समय निर्धारण गरेर तहगत एवम् कक्षागत रूपमा नवीन किसिमको नेपाली भाषा पाठ्यक्रम निर्माण गरी सोहीअनुसार भाषा शिक्षण गर्ने व्यवस्था भएको पाइन्छ । सोही बमोजिम नेपाली भाषा पाठ्यक्रममा अरु विभिन्न विधा सँगसँगै रूपक विधालाई पनि समेटिएको पाइन्छ । कक्षा ६ मा १ वटा संवाद (आफ्नै खुट्टामा उभिन सक्नुपर्छ) र वादविवाद १ वटा (सहरिया जीवन भन्दा गाउँले जीवन सुखी) गरी जम्मा २ पाठ राखिएको छ । त्यस्तै कक्षा ७ र ८ मा क्रमशः संवाद (पर्यटनको महत्त्व) १ र वादविवाद (जागिर भन्दा व्यापार वेश) १ गरीजम्मा २ पाठ र वादविवाद (धनभन्दा विद्या ठूलो) १ र एकाङ्की (हामी एउटै हौं) १ गरी जम्मा २ पाठ राखिएको पाइन्छ । त्यस्तै गरी प्रत्येक कक्षामा १० अङ्कभार छुट्याइएको पाइन्छ । विधागत पाठ्यभार १४+१३+१२ गरी ३९ रहेको पाइन्छ । भाषाका चार सीपहरू सुनाइ, बोलाइ, पढाइ, र लेखाइ सीपको विकास गर्नका लागि नि.मा.वि. तहको पाठ्यक्रममा २१ वटा उद्देश्यहरू राखिएका छन् । ती उद्देश्यहरूलाई पूरा गर्नका लागि विशिष्ट उद्देश्यहरू, शिक्षणसिकाइ क्रियाकलापहरू र मूल्याङ्कनको समेत स्पष्ट रूपमा किटान गरिएको पाइन्छ ।

रूपक विधाका माध्यमबाट कुनै भनाइ वा अभिव्यक्तिलाई प्रभावकारी एवम् जीवन्त बनाउन सहयोग पुग्दछ । अर्कोको आनीबानी र बोलीबचनको दुरुस्त अनुसरण गर्ने बानीको विकास गर्न, स्रोता वा प्रसङ्ग अनुसारको भाषिक व्यवहार गर्ने क्षमताको विकास गर्न, हाउभाउ तथा मुखाकृति मिलाएर कुराकानी गर्न, तर्कपूर्ण अभिव्यक्ति दिन र अरुका विचारको खण्डन गरी आफ्नो विचारको मण्डन गर्न तथा विभिन्न किसिमका अभिनय गरी अभिनय क्षमतामा पोख्त हुन यस विधाको महत्त्व रहने अर्थात् भाषिक एवम् भाषिकेतर अभिव्यक्तिका लागि यस विधाको महत्त्वपूर्ण स्थान रहेको पाइन्छ ।

### ३.१.१ भाषिक सीप विकाससँग सम्बन्धित रूपक विधाका साधारण एवम् विशिष्ट उद्देश्यहरू

भाषा शिक्षणको उद्देश्य भाषिक सीपको विकास गराउनु हो । भाषाका चार सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीप विकास गर्न सहयोग गर्ने विभिन्न विधाहरू मध्ये रूपक विधा एक महत्त्वपूर्ण र प्रभावकारी विधा मानिन्छ । नि.मा.वि. तहको नेपाली भाषा पाठ्यक्रममा समाविष्ट भाषिक सीप विकाससँग सम्बन्धित रूपक विधाका साधारण एवम् विशिष्ट उद्देश्यहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका १ : भाषिक सीप विकाससँग सम्बन्धित रूपक विधाका उद्देश्यहरू**

| साधारण उद्देश्य | विशिष्ट उद्देश्य | भाषिक सीप |
|---|---|---|
| १. उच्चारित ध्वनिहरूको भिन्नता पहिल्याउन र सोही अनुसार उच्चारण गर्न | १.विभिन्न किसिमका ध्वनिहरू सुनी तिनको पहिचान गर्न<br>२.उच्चारित ध्वनिहरूको भिन्नता पहिल्याउन | सुनाइ |
| २. शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न | १. उच्चारित शब्दहरू पहिचान गर्न<br>२. रूपक पाठका शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न | सुनाइ/ बोलाइ |
| ३. अरुले वर्णन गरेका कुराहरू बुझी आफ्ना शब्दमा व्यक्त गर्न । | १. अरुले वर्णन गरेका कुराहरू ध्यानपूर्वक सुन्न<br>२. अरुले वर्णन गरेका कुराहरू सुनी आफ्ना शब्दमा व्यक्त गर्न | सु/बो/ ले |
| ४. आफूले देखे सुनेका र पढेका वस्तु वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाइ मौखिक वर्णन गर्न । | १. रूपक विधाका पाठमा प्रयुक्त विषयवस्तुको सिलसिला मिलाइ मौखिक वर्णन गर्न<br>२. रूपक विधाका पाठका घटनाहरूको वर्णन गर्न | बोलाइ |
| ५.विभिन्न किसिमका वर्णन तथा अभिव्यक्तिहरू सुनी तिनका मुख्य कुराहरू भन्न । | १. विवादात्मक अभिव्यक्तिहरू सुनी तिनका मुख्य मुख्य कुराहरू भन्न<br>२. संवादात्मक अभिव्यक्ति मुख्य मुख्य कुराहरू बताउन | सुनाइ/ बोलाइ |
| ६ मौखिक अभिव्यक्ति सुन्ने क्रममा प्रयुक्त चेष्टा अभिनय आदिको ख्याल गर्न । | १. रूपक विधाका विभिन्न मौखिक अभिव्यक्ति सुनी त्यसमा प्रयुक्त चेष्टा अभिनय आदिको प्रदर्शन गर्न<br>२. विवादात्मक, संवादात्मक अभिव्यक्तिलाई हाउभाउ, चेष्टा अभिनय आदिको ख्याल गरी सुन्न | सुनाइ |

| | | |
|---|---|---|
| ७. कुराकानी प्रश्नोत्तर संवाद वादविवाद छलफल जस्ता मौखिक अभिव्यक्तिहरू सुनी तिनमा भाग लिन | १. कुराकानी र प्रश्नोत्तरमा भाग लिन<br>२. संवाद, वादविवाद र छलफल सुनी तिनमा भाग लिन | बोलाइ |
| ८. आफूले भन्न चाहेका कुराहरूलाई शिष्ट भाषा प्रयोग गरी हाउभाउपूर्ण र प्रभावकारी ढङ्गले अभिव्यक्त गर्न । | आफूले भन्न चाहेका कुराहरूलाई शिष्ट भाषा प्रयोग गरी हाउभाउपूर्ण र प्रभावकारी ढङ्गले अभिव्यक्त गर्न । | बोलाइ |
| ९. लिखित सामग्रीलाई गति, यति मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न । | रूपक विधाका विभिन्न पाठहरू गति यति, मिलाई शुद्ध र स्पटसँग सस्वर वाचन गर्न | पढाइ |
| १०. पाठहरू पढी तिनका मुख्य मुख्य कुराहरू बुझेर बताउन | रूपक विधाका पाठहरू पढी तिनका मुख्यमुख्य कुराहरू बुझेर बताउन | पढाइ |
| ११ पाठमा व्यक्त भाव अनुसार लय सुर र आघात मिलाई पढ्न | रूपक विधाका पाठहरू भावअनुसार लय, सुर र आघात मिलाई सस्वर वाचन गर्न | पढाइ |
| १२ विभिन्न उद्देश्यले लिखित सामग्रीहरूको मौनवाचन गर्न । | पठनबोधका दृष्टिले मौनवचन गर्न<br>रूपक विधाका पाठहरू मौनवाचन गरी त्यसका मुख्य मुख्य कुराहरू बताउन | पढाइ |
| १३ पठित शब्दहरूको सन्दर्भपूर्ण प्रयोग गर्न | पठित शब्दहरूको सन्दर्भपूर्ण प्रयोग गर्न | बो/ ले |
| १४.विभिन्न विधाका पाठहरू पढी शब्दभण्डार वृद्धि गर्न | रूपक विधाका पाठहरू पढी शब्दभण्डार वृद्धि गर्न | पढाइ |
| १५.हिज्जे र वाक्य गठन मिलाई सफा र शुद्धसँग लेख्न । | लिखित अभिव्यक्तिमा हिज्जे मिलाइ शुद्ध वर्णविन्याससँग लेख्न | लेखाइ |
| १६ विभिन्न चिन्हको उपयुक्त ढङ्गले प्रयोग गर्न | तोकिएका लेख्य चिन्हहरूको उपयुक्त ढङ्गले प्रयोग गर्न । | लेखाइ |
| १७ शब्द, वाक्य र पाठका अंशहरू सुनेर लेख्न | रूपक विधाका पाठहरू शब्द वाक्य र अनुच्छेदहरू सुनेर लेख्न | लेखाइ |
| १८ सुनेका र पढेका विषयवस्तुको सारांश लेख्न | १. रूपक विधाका पाठ वा पाठका निर्दिष्ट अंश सुनी सारांश लेख्न<br>२. रूपक विधाका पाठ वा पाठका निर्दिष्ट अंश पढी साराश लेख्न | लेखाइ |
| १९. विभिन्न विषयहरूका अनुच्छेद, चिठी, निवेदन आदि सिलसिला मिलाई लेख्न | रूपक विधाका संवाद र वादविवाद सिलसिला मिलाई लेख्न | लेखाइ |
| २० आफ्ना रुचिअनुसारका विषयमा मौलिक रचना गर्न | रुचिअनुसारका विषयमा मौलिक संवाद रचना गर्न | लेखाइ |
| २१ व्याकरणका आधारभूत तत्त्व बुझी तिनको उपयुक्त प्रयोग गर्न । | व्याकरणका आधारभूत नियम बुझी तिनको उपयुक्त प्रयोग गर्न | लेखाइ |

हरेक विधा र भाषिक सीप एक अर्कासँग अन्तरसम्बन्धित हुन्छन् । रूपक विधासँग प्रत्यक्ष सम्बन्ध राख्ने भाषिक सीपहरू अन्तर्गत बोलाइ, पढाइ, लेखाइ र सुनाइ गरी जम्मा ४ वटा सीपहरू रहेका छन् । नि.मा.वि. तहको पाठ्यक्रममा रूपक विधाअन्तर्गत बोलाइ सीपसँग सम्बन्धित भाषिक सीप सङ्ख्या ३ पढाइसँग सम्बन्धित ५ लेखाइसँग सम्बन्धित ७ सुनाइसँग सम्बन्धित २, सुनाइबोलाइसँग सम्बन्धित २, सुनाइ, बोलाइ र लेखाइसँग सम्बन्धित १ र बोलाइ र लेखाइ सीप सँग सम्बन्धित १ गरी जम्मा २१ वटा भाषिक सीपहरू रूपक विधाको उद्देश्य पूरा गर्ने क्रममा संलग्न गरिएको देखिन्छ ।

उपर्युक्त उद्देश्यहरूलाई पूरा गर्नको लागि नि.मा.वि. तहको ६,७ र ८ कक्षामा क्रमशः 'आफ्नै खुट्टामा उभिन सक्नुपर्छ' संवाद १ र 'सहरिया जीवनभन्दा गाउँले जीवन सुखी' वादविवाद १ गरी जम्मा २ वटा पाठ, 'पर्यटनको महत्त्व' संवाद १ र  'जागिर भन्दा व्यापार वेश' वादविवाद १ गरी जम्मा २ पाठ र 'धनभन्दा विद्या ठूलो' वादविवाद १ र 'हामी एउटै हौं' एकाङ्की १ गरी जम्मा २ पाठ राखिएको पाइन्छ । यसरी नि.मा.वि. तहको पाठ्यपुस्तकमा रूपक विधाका जम्मा ६ वटा पाठ राखिएको देखिन्छ । यी पाठहरूले रूपक विधाका सबै उद्देश्यहरूलाई समेट्न सकेको देखिन्छ । प्रत्येक पाठको अन्त्यमा भाषिक सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइसँग सम्बन्धित नमूना अभ्यास तथा सृजनात्मक अभ्यासहरू दिइएको छ । यस्ता सृजनात्मक अभ्यासहरू पूर्णरूपमा बोलाइ, लेखाइ र पढाइसँग सम्बन्धित रहेका छन् । जसले गर्दा नि.मा.वि. तहको पाठ्यक्रमको उद्देश्यअनुसार रूपक विधाका पाठहरू समावेश गरिएको छ भन्नु उपयुक्त देखिन्छ ।

### ३.१.२ विधाको क्षेत्र

नि.मा.वि. तहको नेपाली भाषा पाठ्यक्रममा  पाठहरूलाई (प्रबन्ध/ निबन्ध, कथा, जीवनी, चिट्ठी, रूपक, कविता, व्याकरण, शब्दभण्डार र उखान टुक्का) गरी जम्मा ८ विधाका क्षेत्रहरूमा विभाजन गरिएको छ  जसमध्ये क्रमसङ्ख्या ५ मा रूपक विधालाई समावेश गरिएको छ, नि.मा.वि. तहको भाषा पाठ्यक्रमको कक्षा ६,७ र ८ मा रूपक विधाको क्षेत्रभित्र क्रमशः संवाद १ र वादविवाद १ गरी प्रत्येक कक्षामा जम्मा दुई पाठ राखिए पनि कक्षा ८ को भाषा पाठ्यपुस्तकमा १ वटा वादविवाद र १ वटा एकाङ्की गरी दुई पाठ राखिएको देखिन्छ ।

**तालिका २ : रूपक विधाका क्षेत्र**

| क.स. | विधा | क्षेत्र |
|---|---|---|
| ५ | रूपक | संवाद |
| | | वादविवाद |
| | | एकाङ्की |

### ३.१.३ शिक्षण प्रक्रिया

रूपक विधाको मुख्य प्रयोजन कथ्य अभिव्यक्ति क्षमता बढाउनु हो । यसको शिक्षण गर्दा निर्दिष्ट संवाद/ एकाङ्की तथा वादविवादलाई परिस्थिति, पात्र तथा भावानुकूल वाचन, अभिनय एवम् भूमिका निर्वाहको अभ्यास गराउनुपर्छ । यस क्रममा कथ्य अभिव्यक्ति क्षमता बढाउन सहायक हुने हाउभाउ, स्वरको आरोह- अवरोह आघात, गति, यति आदि को ख्याल गर्नुपर्छ । रूपक विधाको अभ्यास गराउँदा  प्रश्नोत्तर, कुराकानी, भावपहिचान, संवाद वा वादविवाद लेखन, स्वतन्त्र लेखन, श्रुतिलेखन, अनुलेखन आदि कार्यकलापसमेत गराउनुपर्छ ।

यसरी नि.मा.वि. तहको पाठ्यक्रमले रूपक शिक्षण विधि तोकेको भए तापनि वास्तविक कक्षा अवलोकन गर्दा रूपक शिक्षणमा सस्वरवाचन, हाउभाउ मिलाउने, भूमिका निर्वाहको अभ्यास गरेको र नगन्य मात्रामा संवाद एवम् विवाद लेखन गराइएको अवस्थाबीच अनुकरणात्मक लेखन, संवादपूर्ति, श्रुतिलेखन, स्वतन्त्र लेखन र अनुलेखन जस्ता कार्यकलापहरू नगराइएको देखियो ।

यसप्रकार शिक्षकहरूमा भाषा शिक्षण गर्ने तरिका तथा विधिहरूको सैद्धान्तिक ज्ञान रहे तापनि व्यवहारमा सबै शिक्षकहरूले तिनको प्रयोग गरेको भने पाइएन ।

### ३.१.४ मूल्याङ्कन प्रक्रिया

नेपाली भाषा पाठ्यक्रम अनुसार मूल्याङ्कन निर्माणात्मक र निर्णयात्मक गरी दुई किसिमको हुन्छन् । कक्षा अन्तर्गतको निरन्तर मूल्याङ्कन निर्माणात्मक हुन्छ भने कक्षोन्नतिका लागि लिइने अन्तिम परीक्षा निर्णयात्मक हुन्छ । निर्माणात्मक मूल्याङ्कन अन्तर्गत विद्यार्थीका कार्यक्रमहरूको निरीक्षण, व्यक्तिगत र सामुहिक छलफल, लिखित परीक्षा हाजिरी जवाफ, प्रश्नोत्तर, कक्षाकार्यको परीक्षण, भाषिक व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेख जस्ता कुराहरू पर्दछन् । नेपाली भाषाको मूल्याङ्न गर्दा

पाठ्यक्रमका उद्देश्यमा उल्लेखित सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता सीपको मापन गरिएको छ ।

अन्तिम परीक्षामा मूल्याङ्कन गर्न कठिनाइ हुने भाषाका सुनाइ बोलाइ, उच्चारण, वाचन जस्ता सीपहरूको मूल्याङ्कन भने निर्माणात्मक तहमै गरिएको र सो को केही प्रतिशत निर्णयात्मक मूल्याङ्कनका लागि निम्नअनुसारको क्षेत्र र अङ्क निर्धारित गरिएको छ :

**तालिका ३ : भाषिक क्षेत्र र अङ्कभार वितरण**

| क्षेत्र | विधा | अङ्कभार प्रतिशतमा |
|---|---|---|
| पढाइ र लेखाइ<br>क) पाठगत प्रश्न | कथा, कविता, प्रबन्ध/निबन्ध जीवनी, रूपक | ३० |
| ख) बोध<br>दृष्टांश/अदृष्टांश | कथा, प्रबन्ध/निबन्ध, जीवनी | ५ |
| ग) सारांश | कथा, कविता, प्रबन्ध/ निबन्ध, जीवनी | ५ |
| घ) भावविस्तार/व्याख्या | कथा, कविता, प्रबन्ध/निबन्ध जीवनी | १० |
| ङ रचना<br>- निर्देशित<br>- स्वतन्त्र | क) प्रबन्ध/निबन्ध<br>ख) चिट्ठी, निवेदन, संवाद विवादात्मक अभिव्यक्ति, कथात्मक अभिव्यक्ति | २० |
| शब्दभण्डार | शब्दको अर्थ र वाक्यमा प्रयोग | १० |
| व्याकरण | पहिचान र प्रयोग | २० |
| जम्मा | | १०० |

उल्लिखित भाषिक क्षेत्र र अङ्कभार वितरण तालिका अनुसार निम्न शैक्षणिक क्रियाकलाप गराइएको ज्ञान हुन्छ :

- सुनाइ, बोलाइको परीक्षण कक्षागत परीक्षणको अङ्कको रूपमा रहेको छ ।
- शब्दभण्डार अन्तर्गत पाठमा प्रयुक्त विशेष शब्द र उखान टुक्काको समेत समावेश गरिएको छ ।

- व्याकरण अन्तर्गत निर्दिष्ट पाठ्यवस्तुको पहिचान र प्रयोग परीक्षण गरिएको छ ।
- व्याकरण अन्तर्गत निर्दिष्ट पाठ्यवस्तुहरूको पहिचान र प्रयोग परीक्षण गरिएको छ ।
- नेपाली विषयको प्रतिहप्ता पाठ्यभार ५ र वार्षिक पाठ्यभार १५० घण्टी निर्धारण गरिएको छ ।

## ३.२ सम्बद्ध पाठ्यक्रमसँग रूपक विधाका पाठका नमूना अभ्यासको सम्बन्ध

पाठ्यक्रममा निर्दिष्ट गरिएका रूपक विधासँग सम्बन्धित उद्देश्यहरू पूरा गराउनको लागि नि.मा.वि. तहको नेपाली पाठ्यपुस्तकहरूमा प्रशस्त मात्रामा नमूना अभ्यासहरू दिइएको पाइन्छ । ती नमूना अभ्यासहरू पाठ्यक्रमका अपेक्षित उद्देश्यहरू परिपूर्ति गर्न कति उपयुक्त छन् त ? पत्ता लगाउनका लागि सीप र पक्षका आधारमा नमूना अभ्यासहरूको अध्ययन गर्ने प्रयास गरिएको छ ।

### ३.२.१ सीपगत आधारमा

भाषा शिक्षणको उद्देश्य भाषाका चार सीपहरू सुनाइ, बोलाइ पढाइ र लेखाइ सीपमा विद्यार्थीहरूलाई सक्षम बनाउनु हो भाषाका चार सीपहरूमध्ये पढाइ र सुनाइ ग्रहण सीप र बोलाइ र लेखाइ अभिव्यक्ति सीप हुन् । यिनलाई निम्नानुसार अध्ययन गरिएको छ :-

#### ३.२.१.१ सुनाइ र बोलाइ

नि.मा.वि. तहको पाठ्यक्रमले निर्दिष्ट गरेका रूपक विधाका उद्देश्यहरू मध्ये सुनाइ र बोलाइ सँग सम्बन्धित उद्देश्यहरू कक्षा ६ मा ८ वटा कक्षा ७ र कक्षा ८ मा ९, ९ वटा रहेका छन् । जसलाई निम्नअनुसार चर्चा गरिएको छ :

**तालिका ४ : सुनाइ र बोलाइ सीप विकाससम्बन्धी उद्देश्यहरू**

| कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|
| १.उच्चारित ध्वनिहरू सुनी तिनको भिन्नता पहिल्याउन | १.ध्वनिहरूको भिन्नता पहिल्याई उच्चारण गर्न | १. उच्चारित ध्वनिहरूको भिन्नता पहिल्याउन र सोही अनुसार उच्चारण गर्न |
| २. शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न | २. शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न | २. शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न |
| ३. अरुले भनेका कुरा ध्यानपूर्वक सुन्न र भन्न | ३. अरुले वर्णण गरेका कुराहरू बुझी आफ्नो शब्दमा व्यक्त गर्न, | ३. अरुले वर्णन गरेका कुराहरू बुझी आफ्नो शब्दमा व्यक्त गर्न । |
| ४. सामान्य मौखिक वर्णनहरू सुनी मुख्य कुरा बताउन | ४. आफुले देखे सुनेका र पढेका वस्तु, वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाई मौखिक वर्णन गर्न | ४. आफूले देखे सुनेका र पढेका वस्तु, वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाई मौखिक वर्णन गर्न, |
| ५. कविता, गीत, कथा आदि आनन्दका साथ सुनी प्रतिक्रिया जनाउन | ५. सामान्य मौखिक वर्णन सुनी मुख्य- मुख्य कुरा बताउन | ५. विभिन्न किसिमका वर्णन तथा अभिव्यक्तिहरू सुनी तिनका मुख्य कुराहरू भन्न |
| ६. स-साना कुराकानी, संवाद प्रश्नोत्तर आदि सुनी मौखिक अभिव्यक्तिमा भाग लिन | ६. साहित्यिक विधाका पाठहरू आनन्दलिने गरी सुनेर प्रतिक्रिया जनाउन | ६. साहित्यिक विधाका पाठहरू आनन्द लिने गरी सुन्न र प्रतिक्रिया जनाउन |
| ७. आफूले देखे सुनेका र बुझेका वस्तु, वातावरण र घटनाका विषयमा सामान्य वर्णन गर्न | ७. मौखिक अभिव्यक्तिहरू सुन्ने क्रममा प्रयुक्त हाउभाउ, चेष्टा, अभिनय आदिमा ध्यान दिन, | ७. मौखिक अभिव्यक्ति सुन्ने क्रममा प्रयुक्त हाउभाउ चेष्टा अभिनय आदिको ख्याल गर्न, |
| ८.सिलसिला र हाउभाउ मिलाई बोल्न | ८. हाउभाउ मिलाई उपयुक्त ढङ्गले बोल्न | ८. कुराकानी, प्रश्नोत्तर, संवाद वादविवाद, छलफल जस्त मौखिक अभिव्यक्तिहरू ध्यानपूर्वक सुनी तिनमा भाग लिन |
| | ९. स्तर अनुसारका कुराकानी प्रश्नोत्तर, संवाद, वादविवाद, छलफल आदि मौखिक अभिव्यक्तिहरू ध्यानपूर्वक सुनी तिनमा भाग लिन | ९. भन्न चाहेका कुरालाई शिष्ट भाषा प्रयोग गरी हाउभाउपूर्ण र प्रभावकारी ढङ्गले व्यक्त गर्न |

उपर्युक्त उद्देश्यहरू पूरा गराउनका लागि नि.मा.वि. तहमा राखिएका रूपक विधाका ६ वटा पाठहरूको प्रत्येकमा अभ्यास खण्ड राखिएको छ । जस अन्तर्गत उच्चारण गर,

मौखिक उत्तर देऊ, हाउभाउ सहित सस्वर वाचन गर व्याख्या गर, अर्थ भन, वाक्यमा प्रयोग गर छलफल, संवाद गर मन्तव्य देऊ जस्ता अभ्यासहरू रहेका छन् । यी अभ्यासहरू पूर्ण रूपमा सुनाइ र बोलाइ सीपसँग सम्बन्धित रहेकाले उद्देश्य अनुरूप नमूना अभ्यासको छनौट भएको पाइन्छ ।

### ३.२.१.२ पढाइ र लेखाइ

यस तहको पाठ्यक्रममा पढाइ, लेखाइ सीपसँग सम्बन्धित उद्देश्यहरू कक्षा ६ , ७ र ८ मा क्रमशः ७, ८ र ९ वटा रहेका छन् जुन निम्न तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ५ : पढाइ सीप विकाससम्बन्धी उद्देश्यहरू**

| कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|
| १.लिखित सामग्रीलाई गति, यति, लय मिलाई शुद्ध र स्पष्टसँग वाचन गर्न | १. लिखित सामग्रीलाई गति यति मिलाई शुद्ध र स्पष्टसँग सस्वर वाचन गर्न | १.लिखित सामग्रीलाई गति, यति मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न |
| २. मुख्य- मुख्य कुरा बताउन सक्ने गरी विभिन्न पाठ पढ्न | २. विभिन्न पाठहरू पढी तिनका मुख्य मुख्य कुराहरू बताउन, | २. पाठहरू पढी तिनका मुख्य मुख्य कुराहरू बुझेर बताउन, |
| ३.लिखित सामग्रीहरूको मौन वाचन गर्न | ३. कविता, कथा आदिका पाठहरूलाई भाव अनुसार लय, सुर, आघात मिलाई पढ्न | ३.पाठमा व्यक्त भाव अनुसार लय, सुर र आघात मिलाई पढ्न |
| ४. विभिन्न उद्देश्यले विधागत पाठ पढ्न | ४.लिखित सामग्रीहरूको मौनवाचन गर्न, | ४. विभिन्न उद्देश्यले लिखित सामग्रीहरूको मौनवाचन गर्न |
| ५. पाठमा प्रयुक्त शब्दहरूको आशय बुझी प्रयोग गर्न | ५. विभिन्न प्रयोजनका लागि कथा, कविता, प्रबन्ध आदिका पाठहरू पढ्न | ५. साहित्यिक विधाका पाठहरू आनन्द लिने गरी पढ्न र प्रतिक्रिया जनाउन |
| ६. विभिन्न विधाका पाठहरू भाव ठम्याई पढ्न | ६. पठित पाठहरूको उपयुक्त प्रयोग गर्न | ६. विभिन्न प्रयोजनका लागि प्रबन्ध निबन्ध, जीवनी, कथा आदि पढ्न |
| ७. विभिन्न विधाका पाठहरूबाट शब्दभण्डार बृद्धि गर्न | ७. पाठमा प्रयुक्त उखान टुक्काहरूको अर्थ बुझी वाक्यमा प्रयोग गर्न | ७. पठित शब्दहरूको सन्दर्भपूर्ण प्रयोग गर्न |
| | ८. विभिन्न विधाका पाठहरू बाट शब्दभण्डारको वृद्धि गर्न | ८. उखान टुक्काहरूको अर्थ बुझी उपयुक्त ढङ्गले प्रयोग गर्न |
| | | ९. विभिन्न विधाका पाठहरू पढी शब्दभण्डार वृद्धि गर्न, |

यी उद्देश्यहरू पूरा गराउनका लागि रूपक विधामा पढाइ सम्बन्धी नमूना अभ्यासहरू पर्याप्त राखिएका छन् । जस अन्तर्गत पाठ पढेर सुनाऊ, सस्वरवाचन गर, शुद्ध उच्चारण गर, संवाद गर, वादविवाद गर, तर्क प्रस्तुत गर, छलफल गर जस्ता अभ्यासहरू रहेका छन् ।

नि.मा.वि. तहको पाठ्यक्रमले निर्दिष्ट गरेको रूपक विधाका उद्देश्यहरू मध्ये लेखाइ सीप विकासका लागि कक्षा ६, ७ र ८ मा क्रमशः ९, १० र १० वटा उद्देश्यहरू राखिएको पाइन्छ । जसलाई निम्न तालिकाद्वारा प्रस्तुत गरिएको छ :

**तालिका ६ : लेखाइ सीप विकास सम्बन्धी उद्देश्यहरू**

| कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|
| १.हिज्जे मिलाई सफा र शुद्धसँग लेख्न, | १.हिज्जे र वाक्य गठन मिलाई सफा र शुद्धसँग लेख्न | १.हिज्जे र वाक्य गठन मिलाई सफा र शुद्धसँग लेख्न |
| २. लेख्यचिन्हहरूको उपयुक्त प्रयोग गरी लेख्न | २.लेख्य चिह्नहरूको उपयुक्त प्रयोग गरी लेख्न | २. विभिन्न चिह्नहरूको उपयुक्त ढङ्गबाट प्रयोग गर्न |
| ३. शब्द, वाक्य र पाठका अंशहरू सुनेर लेख्न | ३. सफा र स्पष्टसँग लेख्न र कुरा दोहोऱ्याई सच्चाउन, | ३. आफूले देखे सुनका र पढेका वस्तु, वातावरण तथा घटनाका विषयमा लिखित वर्णन गर्न |
| ४. आफूले देखेका, बुझेका वस्तु घटनाहरूको लिखित वर्णन गर्न | ४.शब्द, वाक्य र पाठका अंशहरू सुनेर लेख्न | ४. शब्द, वाक्य र पाठका अंशहरू सुनेर लेख्न |
| ५. स- साना रचनाहरू ( अनुच्छेद, चिठी र निवेदन आदि) सिलसिला मिलाई लेख्न | ५. आफूले देखे सुनेका र पढेका वस्तु तथा वातावरण तथा घटनाका विषयमा लिखित वर्णन गर्न | ५. सुनेका र पढेका विषयवस्तुको सारांश लेख्न |
| ६.आफ्नो रुचि अनुसारका विषयमा स- साना मौलिक रचना गर्न, | ६. स- साना लिखित रचनाहरू ( अनुच्छेद, चिठी, निवेदन, प्रबन्ध आदि) सिलसिला मिलाई लेख्न | ६. पाठका विशिष्ट अंशहरूको भावविस्तार गन, |
| ७. विशिष्ट अंशको भाव विस्तार गर्न | ७. सुनेका र पढेका विषय वस्तुको सार लेख्न, | ७. विभिन्न विषयहरूमा (अनुच्छेद, चिठी, निवेदन आदि) सिलसिला मिलाई लेख्न |
| ८. वाक्यमा पदसङ्गति आदि बुझी तिनको उपयुक्त प्रयोग गर्न | ८. विशिष्ट अंशहरूको भाव विस्तार गर्न | ८. आफ्ना रुचि अनुसारका विषयमा मौलिक रचना गर्न, |
| ९. सुनेका, पढेका विषयवस्तुको सार लेख्न | ९. आफ्नो रुचि अनुसारका विषयमा मौलिक रचना गर्न, | ९. स्तरअनुसारका विषयमा सिलसिला मिलाएर प्रबन्ध लेख्न |
| | १०. व्याकरणका आधारभूत बुझी तिनको उपयुक्त प्रयोग गर्न | १०. व्याकरणका आधारभूत तत्त्व बुझी तिनको उपयुक्त प्रयोग गर्न, |

यी उद्देश्यहरू पूरा गराउनका लागि रूपक विधाका पाठहरूमा छोटो उत्तर देऊ, अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर, शुद्धसँग लेख, अर्थ लेख संवाद लेख, भावविस्तार गर, तर्कहरू लेख जस्ता अभ्यासहरू राखिएको पाइन्छ ।

यसप्रकार रूपक विधाका पाठहमा समाविष्ट नमूना अभ्यासले सबै भाषिक सीपहरूलाई समेटन खोजेको पाइन्छ तापनि रूपक शिक्षणको मूल प्रयोजन कथ्य अभिव्यक्तिको विकास गर्नु रहेकोले यसमा पढाइ र बोलाइ सीपसम्बन्धी अभ्यास बढी समावेश गर्नुपर्ने हुन्छ । प्रस्तुत अभ्यासमा यस्ता कथ्य अभिव्यक्तिगत अभ्यास कमी देखिन्छ । बोलाइ सीप विकास भन्दा लेखाइ सीप विकास सम्बन्धित अभ्यास बढी हुनु रूपक विधाका सन्दर्भमा उपयुक्त मानिदैन । अतः अभिव्यक्तिगत चेष्टा, हाउभाउ, अभिनय, नाटकीकरण, अनुकरण आदिको समेत विकास हुने खालका अभ्यासहरू थप गर्नुपर्ने देखिन्छ ।

### ३.२.२ पक्षको आधारमा

भाषा शिक्षणबाट भाषिक सीप विकास गराउनुका साथै भाषाका विभिन्न पक्षहरूको बारेमा दक्षता अभिवृद्धि गराउनु पनि हो । भाषाका पक्षहरूमा उच्चारण बोध, शब्दभण्डार र व्याकरण पर्दछन् । यिनीहरूलाई निम्न अनुसार चर्चा गरिएको छ :-

**तालिका ७ : पक्षको आधार**

| कक्षा | उच्चारण | बोध | | शब्दभण्डार | व्याकरण |
|---|---|---|---|---|---|
| | | वाक्यमा प्रयोग | संक्षिप्त उत्तरात्मक | | |
| ६ | ५ | १६ | १० | २३ | ११ |
| ७ | १२ | २५ | ११ | ३४ | ९ |
| ८ | १२ | २० | ७ | २९ | ९ |
| जम्मा | २९ | ६१ | २८ | ८६ | २९ |

### ३.२.२.१ उच्चारण

शुद्ध र स्पष्ट उच्चारण गर्ने दृष्टिले नि.मा.वि. तहको नेपाली भाषा पाठ्यपुस्तकको रूपक विधाका पाठमा राखिएका अभ्यास र पाठहरू सान्दर्भिक देखिन्छन् । संवाद, वादविवाद

र एकाङ्की जस्ता रूपक विधाका उपविधाहरू उच्चारण तथा मौखिक अभिव्यक्तिसँग सम्बन्धित छन् । यस तहको नेपाली पाठ्यपुस्तकको रूपक विधाका पाठहरूमा शुद्धसँग उच्चारण गर भनेर राखिएका शब्दहरूको सङख्यामा २९ वटा रहेका छन् ।

### ३.२.२.२ बोध

बोध सम्बन्धित प्रश्नहरूमा वाक्यमा प्रयोग गर्ने जम्मा ५ वटा प्रश्नमा ४० वटा शब्द, व्याकरण खण्डमा रहेका वाक्यमा प्रयोग गर्ने सम्बन्धी ३ वटा प्रश्नमा जम्मा २१ वटा शब्द रहेको पाइन्छ सङक्षिप्त उत्तरात्मक प्रश्न सम्बन्धी जम्मा २८ वटा नमुना प्रश्नहरू देखिन्छन् ।

### ३.२.२.३ शब्दभण्डार

नि.मा.वि. तहको नेपाली भाषा पाठ्यपुस्तकको रूपक विधाका पाठहरूमा कति शब्द छन् भनेर छुट्टै अध्ययन नगरिए पनि शब्दार्थ खण्डमा जम्मा ८६ वटा शब्द र तिनको अर्थ दिइएको छ । रूपक विधासँग अप्रत्यक्ष सम्बन्ध राख्ने एउटा उद्देश्य विभिन्न विधाका पाठहरू पढी शब्दभण्डार वृद्धि गर्नका लागि यो उद्देश्य रहेको देखिन्छ ।

### ३.२.२.४ व्याकरण

नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाका पाठहरूसँगै प्रयोगपरकतालाई जोड दिँदै व्याकरण शिक्षण गर्नु आवश्यक छ । यसकारण रूपक विधाका पाठको अन्त्यमा व्याकरणलाई स्थान दिइएको पाइन्छ । व्याकरणसँग सम्बन्धित जम्मा २९ वटा नमूना अभ्यास रहेका छन् । ती सम्पूर्ण अभ्यासहरू प्रयोगात्मक खालका रहेका छन् ।

रूपक विधा बोध भन्दा पनि अभिव्यक्तिसँग सम्बन्धित विधा हो । रूपक विधाका पाठहरूमा पनि भाषिक सीपसँग सम्बन्धित नमूना अभ्यासहरूमा बढी जोड दिइएको छैन । उच्चारण, व्याकरण, शब्दभण्डारलाई समेत नमूना अभ्यासमा स्थान दिइएको छ । ती अभ्यासहरूले पाठ्यक्रमले तोकेको उद्देश्यलाई सहयोग पुऱ्याउने देखिन्छ ।

## ३.३ निष्कर्ष

नि.मा.वि. तहको नेपाली भाषा पाठ्यपुस्तकमा रूपक विधा भाषिक सीपको विकास गर्नुका साथै कथ्य अभिव्यक्ति क्षमताको विकास गराउने उद्देश्यका साथ समाविष्ट गरिएको देखिन्छ । रूपक विधा शिक्षणको मूल प्रयोजन नै विद्यार्थीहरूमा कथ्य अभिव्यक्ति क्षमता बढाउनु हो । यस तहको पाठ्यपुस्तकमा राखिएका रूपक विधाका अभ्यासले भाषिक सीपलाई सर्वाधिक महत्त्व दिएको छ । यसप्रकार नि.मा.वि. तहको नेपाली भाषा पाठ्यक्रममा समावेश विधा उपविधा अन्तर्गत रूपक विधाको परिचय, वर्गीकरण भाषिक सीप विकासका लागि शिक्षण विधि सामग्री र विद्यार्थी मूल्याङ्कन सम्बन्धी कुराहरू उल्लेख गरिएको छ । साथै अन्य विधाको जस्तै रूपक विधाको पनि साधारण र विशिष्ट उद्देश्यहरू निर्धारण गरिएको छ । मूल्याङ्कनका लागि बोध प्रश्न र सीप पक्षका प्रश्नहरूः समावेश गरिएको देखिन्छ ।

# परिच्छेद : चार

# नि.मा.वि. तहमा रूपक विधा शिक्षण कार्यकलापको व्याख्या र विश्लेषण

## ४.१ परिचय

यस शोधकार्यका लागि निर्धारित गरिएका उद्देश्यहरू परिपूर्ति गर्ने सन्दर्भमा नि.मा.वि. तहमा रूपक विधा शिक्षण गर्नका लागि सञ्चालन गरिने क्रियाकलापहरूको तथ्य सङ्कलन गरी तिनीहरूको व्याख्या र विश्लेषण गरिएको छ। यसका लागि प्रश्नावली र कक्षा अवलोकन फारम तयार गरी प्रत्येक विद्यालयका नि.मा.वि. तहमा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूलाई वितरण गरी उनीहरूले दिएका उत्तरलाई आधार मान्दै र प्रश्नावली र तथा कक्षा अवलोकनबाट प्राप्त सूचनाहरूलाई विभिन्न शीर्षकहरूमा राखी व्याख्या र विश्लेषण गरिएको छ।

यस शोधकार्यमा प्राथमिक स्तरीय तथ्याङ्क सङ्कलनका लागि सामुदायिकतर्फ छ र संस्थागततर्फ दुई गरी जम्मा आठवटा विद्यालयहरू अध्ययनका लागि छनोट गरिएको कुरा पहिलो परिच्छेदमै उल्लेख गरिएको छ । अतः यी विद्यालयमा रूपक विधा शिक्षणका कार्यकलापलाई निम्नानुसार विश्लेषण गरिएको छ।

## ४.२ प्राप्त सूचनाको विश्लेषण

यस शोधकार्यले निर्धारित गरेका उद्देश्यहरू पूरा गर्नका लागि १८ वटा बहुवैकल्पिक बन्द प्रश्नहरू र ३ वटा खुला प्रश्न गरी जम्मा २१ वटा प्रश्नहरू निर्माण गरेर शिक्षक प्रतिक्रिया लिइएको थियो । कक्षा अवलोकनका लागि १२ वटा शीर्षकहरूमा केन्द्रित रहेर फारम तयार गरी प्रयोग गरिएको थियो । यसरी शिक्षकहरूबाट प्राप्त भएका प्रतिक्रिया र कक्षा अवलोकनबाट प्राप्त भएका सत्यतथ्य सूचनाहरूलाई निम्न बमोजिम ढाँचामा तालिकीकरण गरी विश्लेषण गरिएको छ :-

### ४.२.१ पाठयोजना

रूपक विधा शिक्षणको लागि दैनिक पाठयोजना बनाइन्छ वा बनाइँदैन ? भन्ने प्रश्नको सम्बन्धमा प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरू निम्नबमोजिम छन् :-

**तालिका ८ : पाठयोजना निर्माण**

| सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|
| **विवरण** | **शिक्षक** | **प्रतिशत** | **विवरण** | **शिक्षक** | **प्रतिशत** |
| पाठयोजना बनाउने | ३ | ५० | पाठयोजना बनाउने | २ | १०० |
| पाठयोजना नबनाउने | ३ | ५० | पाठयोजना नबनाउने | - | - |
| जम्मा | ६ | १०० | जम्मा | २ | १०० |

माथिको तालिकाअनुसार सामुदायिक विद्यालयका ६ जना शिक्षकमध्ये ३ जनाले पाठयोजना बनाउने र ३ जनाले नबनाउने प्रतिक्रिया दिएको देखिन्छ । संस्थागत विद्यालयतर्फ २ जना शिक्षकमध्ये दुबैजनाले पाठयोजना बनाउने प्रतिक्रिया व्यक्त गरेको देखिन्छ । यसरी सामुदायिक विद्यालयका ५०% शिक्षकले पाठयोजना निर्माण गर्ने र संस्थागत विद्यालयका १००% शिक्षकले पाठयोजना निर्माण गर्ने गरेको प्रतिक्रिया व्यक्त गरेको देखापर्दछ ।

**तालिका ९ : पाठयोजनाअनुसार शिक्षण**

| सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|
| **विवरण** | **शिक्षक** | **प्रतिशत** | **विवरण** | **शिक्षक** | **प्रतिशत** |
| पाठयोजनाअनुसार शिक्षण गरेको | २ | ३३.३३ | पाठयोजनाअनुसार शिक्षण गरेको | १ | ५० |
| पाठयोजनाअनुसार शिक्षण नगरेको | ४ | ६६.६७ | पाठयोजनाअनुसार शिक्षण नगरेको | १ | ५० |
| जम्मा | ६ | १०० | जम्मा | २ | १०० |

माथिको तालिकालाई हेर्दा सामुदायिक विद्यालयका ६ जना शिक्षकमध्ये २ जनाले मात्र पाठयोजना निर्माण गरी सोही अनुसार शिक्षण गरेको देखिन्छ भने संस्थागत विद्यालयका २ जना शिक्षकमध्ये १ जनाले मात्र पाठयोजना निर्माण गरी शिक्षण गरेको पाइन्छ बाँकी सामुदायिक विद्यालयका ४ र संस्थागत विद्यालयका १ जना शिक्षकले पाठयोजना विना नै शिक्षण गरेको देखिन्छ । शिक्षक प्रतिक्रियामा सामुदायिक र संस्थागत विद्यालयतर्फ क्रमशः ५०% र १००% शिक्षकले पाठयोजना बनाउने प्रतिक्रिया दिएका भए पनि कक्षा अवलोकन फारम अनुसार सामुदायिक र संस्थागत विद्यालयका क्रमशः ६६.६७% र ५०% शिक्षकले पाठयोजना निर्माण र प्रयोग नगरेको देखिन्छ ।

**तालिका १० : पाठयोजनाको उद्देश्य**

| सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|
| **विवरण** | **शिक्षक** | **प्रतिशत** | **विवरण** | **शिक्षक** | **प्रतिशत** |
| उद्देश्यानुसार शिक्षण गर्न | २ | ३३.३३ | उद्देश्यानुसार शिक्षण गर्न | १ | ५० |
| शिक्षण व्यवस्थित गर्न | ३ | ५० | शिक्षण व्यवस्थित गर्न | १ | ५० |
| अन्योल हुँदैन | १ | १६.६७ | अन्योल हुँदैन | - | - |
| जम्मा | ६ | १०० | जम्मा | २ | १०० |

माथि उल्लेख गरिएअनुसार सामुदायिक विद्यालयका ६ जना शिक्षकमध्ये २ जनाले उद्देश्यानुसार शिक्षण गर्न, ३ जनाले शिक्षण व्यवस्थित गर्न र १ जनाले अन्योल नहुने विचार व्यक्त गरेको पाइयो भने संस्थागत विद्यालयतर्फ उद्देश्यानुसार शिक्षण गर्नमा १ जना र शिक्षण व्यवस्थित बनाउनमा १ जनाले पाठयोजना निर्माणबाट सहयोग पुग्ने प्रतिक्रिया व्यक्त गरेको देखिन्छ ।

**तालिका ११ : पाठयोजना निर्माण नगर्नुको कारण**

| सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|
| **विवरण** | **शिक्षक** | **प्रतिशत** | **विवरण** | **शिक्षक** | **प्रतिशत** |
| आवश्यकता नभएर | २ | ३३.३३ | आवश्यकता नभएर | - | |
| झन्झट भएर | १ | १६.६७ | झन्झट भएर | - | |
| जम्मा | ३ | ५० | जम्मा | - | |

माथिको तालिका अनुसार दैनिक पाठयोजना नबनाउने कारणमा सामुदायिक विद्यालयका २ जना शिक्षकले आवश्यकता नभएर र १ जना शिक्षकले झञ्झट मानेर पाठयोजना निर्माण र प्रयोग नगरेको प्रतिक्रिया व्यक्त गरेको पाइन्छ ।

**तालिका १२ : विधा शिक्षण उद्देश्य**

| सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|
| **विवरण** | **शिक्षक** | **प्रतिशत** | **विवरण** | **शिक्षक** | **प्रतिशत** |
| अभिनयात्मक सीप विकास गर्न | ३ | ५० | अभिनयात्मक सीप विकास गर्न | १ | ५० |
| भाषिक सीप विकास गर्न | ३ | ५० | भाषिक सीप विकास गर्न | १ | ५० |
| जम्मा | ६ | १०० | जम्मा | २ | १०० |

उल्लेखित तालिका अनुसार सामुदायिकतर्फका ६ जना शिक्षकमध्ये ३ जना शिक्षकले र संस्थागततर्फका २ जनामध्ये १ जना शिक्षकले नि.मा.वि. तहमा रूपक विधा शिक्षणको उद्देश्य अभिनयात्मक सीप विकास गर्न र ३ जना सामुदायिक तथा १ जना संस्थागत विद्यालयका शिक्षकले भाषिक सीप विकास गर्ने उद्देश्य रहेको विचार व्यक्त गरेको देखिन्छ ।

### ४.२.२ क्रियाकलाप

**तालिका १३ : क्रियाकलाप**

| सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|
| **विवरण** | **शिक्षक** | **प्रतिशत** | **विवरण** | **शिक्षक** | **प्रतिशत** |
| सस्वरवाचनबाट | ३ | ५० | सस्वरवाचनबाट | १ | ५० |
| सारांशबाट | २ | ३३.३३ | सारांशबाट | - | - |
| कठिन शब्दबाट | १ | १६.६७ | कठिन शब्दबाट | १ | ५० |
| जम्मा | ६ | १०० | जम्मा | २ | १०० |

प्रस्तुत गरिएको तालिका अनुसार सामुदायिक विद्यालयका ६ जना शिक्षकमध्ये ३ जनाले सस्वरवाचनबाट, २ जनाले सारांशबाट र १ जनाले कठिन शब्दबाट कक्षा शुरु गर्ने

प्रतिक्रिया दिएको पाइन्छ । त्यस्तैगरी संस्थागत विद्यालयका २ जना शिक्षकमध्ये १ जनाले सस्वरवाचनबाट र १ जनाले कठिन शब्दबाट रूपक विधा शिक्षण गर्दा कक्षा शुरु गर्ने धारणा व्यक्त गरेको पाइएको छ तर रूपक विधा शिक्षण क्रियाकलापको शुरु गर्ने तरिकाका सम्बन्धमा कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क निम्नानुसार पाइन्छ ।

**तालिका १४ : कक्षा शिक्षण क्रियाकलाप**

| सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|
| **विवरण** | **शिक्षक** | **प्रतिशत** | **विवरण** | **शिक्षक** | **प्रतिशत** |
| सस्वरवाचनबाट | ३ | ५० | सस्वरवाचनबाट | १ | ५० |
| सारांशबाट | २ | ३३.३३ | सारांशबाट | १ | ५० |
| कठिन शब्दबाट | १ | १६.६७ | कठिन शब्दबाट | - | - |
| जम्मा | ६ | १०० | जम्मा | २ | १०० |

उल्लेखित तालिकाअनुसार सामुदायिक विद्यालयका ६ जना शिक्षकमध्ये सस्वरवाचनबाट ३ जना, सारांशबाट २ जना र कठिन शब्दबाट १ जनाले कक्षा शुरु गर्ने गरेको देखिन्छ भने संस्थागत विद्यालयका २ जना शिक्षकमध्ये १ जनाले सस्वरवाचनबाट र १ जनाले सारांशबाट कक्षाकार्य शुरु गर्ने गरेको पाइएको छ ।

### ४.२.३ सस्वरवाचन

**तालिका १५ : सस्वरवाचनको आवश्यकता**

| सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|
| **विवरण** | **शिक्षक** | **प्रतिशत** | **विवरण** | **शिक्षक** | **प्रतिशत** |
| आवश्यक छ | ४ | ६६.६७ | आवश्यक छ | १ | ५० |
| आवश्यक छैन | २ | ३३.३३ | आवश्यक छैन | १ | ५० |
| जम्मा | ६ | १०० | जम्मा | २ | १०० |

दिइएको तथ्याङ्कअनुसार सामुदायिक विद्यालयका ६ जना शिक्षकमध्ये ४ जनाले रूपक विधा शिक्षणका लागि सस्वरवाचनको आवश्यकता भएको प्रतिक्रिया दिएको पाइन्छ

भने २ जनाबाट सस्वरवाचनको आवश्यकता नभएको प्रतिक्रिया पाइयो । त्यसैगरी संस्थागत विद्यालयतर्फका २ जना शिक्षकमध्ये १ जनाले आवश्यक भएको र १ जनाले आवश्यक नभएको धारणा व्यक्त गरेको देखिन्छ । कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क निम्नबमोजिम छ :

**तालिका १६ : सस्वरवाचन प्रयोगको अवस्था**

| सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|
| **विवरण** | **शिक्षक** | **प्रतिशत** | **विवरण** | **शिक्षक** | **प्रतिशत** |
| आवश्यक भएको | ४ | ६६.६७ | आवश्यक भएको | १ | ५० |
| आवश्यक नभएको | २ | ३३.३३ | आवश्यक नभएको | १ | ५० |
| जम्मा | ६ | १०० | जम्मा | २ | १०० |

माथि उल्लेखित तालिकाअनुसार सामुदायिक विद्यालयतर्फ ६ जना शिक्षकमध्ये ४ जनाले आवश्यक भएको र २ जनाबाट सस्वरवाचनको आवश्यकता नभएको प्रतिक्रिया पाइयो भने संस्थागत विद्यालयतर्फका २ जना शिक्षकमध्ये १ जनाले आवश्यक भएको र १ जनाले आवश्यक नभएको व्यवहार प्रदर्शन गरेको पाइएको छ । रूपक विधा शिक्षणमा सस्वरवाचन आवश्यक भए तापनि प्रयोगात्मक रूपमा कक्षा कार्यकलापमा खासै ध्यान नदिएको देखिन्छ ।

### ४.२.४ उद्देश्य

**तालिका १७ : उद्देश्य**

| सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|
| **विवरण** | **शिक्षक** | **प्रतिशत** | **विवरण** | **शिक्षक** | **प्रतिशत** |
| शुद्ध उच्चारण गर्न | २ | ३३.३३ | शुद्ध उच्चारण गर्न | १ | ५० |
| गति र यति मिलाई पढ्न | ३ | ५० | गति र यति मिलाई पढ्न | - | - |
| भावअनुसार पठनबोध गर्न | १ | १६.६७ | भावअनुसार पठनबोध गर्न | १ | ५० |
| जम्मा | ६ | १०० | जम्मा | २ | १०० |

माथि दिइएको तालिकाअनुसार रूपक विधाको शैक्षणिक उद्देश्यहरूमध्ये शुद्ध उच्चारण गराउन सामुदायिक विद्यालयका २ र संस्थागत विद्यालयका १ जना शिक्षक गरी जम्मा ३ जनाले प्रतिक्रिया दिएको पाइयो । गति र यति मिलाई पढ्ने सीपको लागि सामुदायिक विद्यालयका ३ जनाले भावअनुसार पठनबोध गर्ने उद्देश्यका लागि सामुदायिक विद्यालयका १ जना र संस्थागत विद्यालयका १ जना गरी जम्मा २ जनाले आवश्यकता देखेको धारणा व्यक्त गरेको पाइएको छ ।

**तालिका १८ : उद्देश्यअनुसार कक्षामा प्रयोगको अवस्था**

| सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|
| **विवरण** | **शिक्षक** | **प्रतिशत** | **विवरण** | **शिक्षक** | **प्रतिशत** |
| शुद्ध उच्चारण गर्न | २ | ३३.३३ | शुद्ध उच्चारण गर्न | १ | ५० |
| गति र यति मिलाई पढ्न | २ | ३३.३३ | गति र यति मिलाई पढ्न | - | - |
| भावअनुसार पठनबोध गर्न | २ | ३३.३३ | भावअनुसार पठनबोध गर्न | १ | ५० |
| जम्मा | ६ | १०० | जम्मा | २ | १०० |

उल्लेखित तालिकाअनुसार सामुदायिक विद्यालयका ६ जना शिक्षकमध्ये शुद्ध उच्चारण सीप विकास गराउनेतर्फ २ जना, गति यति मिलाइ पढाउनेमा २ जना र भावअनुसार पठनबोध गराउने शिक्षकमा २ जना भएको पाइएको छ भने संस्थागत विद्यालयतर्फ जम्मा २ जना शिक्षकमध्ये शुद्ध उच्चारण सीप विकासमा १ जना र भाव अनुसार पठनबोध गराउनेमा १ जना शिक्षक रहेको पाइन्छ । यसप्रकार सामुदायिक विद्यालयमा शिक्षक प्रतिक्रियाको भन्दा कक्षा अवलोकन प्रक्रियाको परिणाम फरक रहेको देखिन्छ ।

### ४.२.६ भाषिक सीप

**तालिका १९ : भाषिक सीप**

| सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|
| **विवरण** | **शिक्षक** | **प्रतिशत** | **विवरण** | **शिक्षक** | **प्रतिशत** |
| अभिनय तथा नाटकीकरण | ६ | १०० | अभिनय तथा नाटकीकरण | २ | १०० |
| सस्वरपठन | ३ | ५० | सस्वरपठन | १ | ५० |
| गति, यति, लय मिलाएर पढ्ने | २ | ३३.३३ | गति, यति, लय मिलाएर पढ्ने | १ | ५० |
| मौनपठन क्रियाकलाप | ३ | ५० | मौनपठन क्रियाकलाप | १ | ५० |
| लेख्य चिन्ह र शब्दार्थ प्रयोग | २ | ३३.३३ | लेख्य चिन्ह र शब्दार्थ प्रयोग | १ | ५० |

उल्लेखित तालिका अनुसार ६ जना सामुदायिक विद्यालयका शिक्षकमध्ये अभिनय तथा नाटकीकरण सीपको लागि सबैजना शिक्षक र संस्थागत विद्यालयका २ जना शिक्षकमध्ये दुबै जनाले ध्यान दिएको देखिन्छ । गति, यति र लय अनुसार पढ्ने सम्बन्धमा सामुदायिक विद्यालयका २ र संस्थागत विद्यालयका १ जनाले ध्यान पुऱ्याएको पाइन्छ भने । मौनपठन क्रियाकलाप सम्बन्धमा सामुदायिक विद्यालयका ३ जना र संस्थागत विद्यालयका १ जनाले जोड दिएको देखिन्छ । त्यस्तैगरी लेख्य चिन्ह र शब्दार्थ सम्बन्धी क्रियाकलापमा सामुदायिक तर्फका २ जना र संस्थागत विद्यालयतर्फ १ जना शिक्षकले ध्यान दिएको पाइन्छ तर कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क निम्नानुसार पाइएको छ :-

**तालिका २० : भाषिक सीप प्रयोगको अवस्था**

| सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|
| **विवरण** | **शिक्षक** | **प्रतिशत** | **विवरण** | **शिक्षक** | **प्रतिशत** |
| अभिनय, नाटकीकरण | ४ | ६६.६७ | अभिनय, नाटकीकरण | २ | १०० |
| सस्वरपठन | ३ | ५० | सस्वरपठन | १ | ५० |
| गति, यति, लय मिलाएर पढ्ने | २ | ३३.३३ | गति, यति, लय मिलाएर पढ्ने | १ | ५० |
| मौनपठन क्रियाकलाप गराउने | ३ | ५० | मौनपठन क्रियाकलाप गराउने | १ | ५० |
| लेख्य चिन्ह र शब्दार्थ प्रयोग | २ | ३३.३३ | लेख्य चिन्ह र शब्दार्थ प्रयोग | १ | ५० |

माथि दिइएको तथ्याङ्कअनुसार कक्षा अवलोकनको विवरण हेर्दा अभिनय र नाटकीकरण गराउने सामुदायिक र संस्थागत विद्यालयका क्रमशः ४ जना र २ जना शिक्षक रहेका छन् । सस्वरपठन क्रियाकलापतर्फ सामुदायिक विद्यालयका ३ जना र संस्थागत विद्यालयका १ जना शिक्षक देखा परेका छन् । त्यस्तै गति, यति, लय र हाउभाउ मिलाएर पढाउनेमा सामुदायिक विद्यालयतर्फ ३ जना र संस्थागत विद्यालयतर्फ १ जना शिक्षक रहेको देखिन्छ भने लेख्य चिन्ह र शब्दार्थ प्रयोगसम्बन्धी क्रियाकलाप गर्ने सामुदायिक विद्यालयतर्फ २ जना र संस्थागत विद्यालयतर्फ १ जना शिक्षकले जोड दिएको देखिन्छ । यसप्रकार शिक्षक प्रतिक्रिया र अवलोकन फारम अनुसार केही फरक परिणाम प्राप्त भएको छ ।

### ४.२.६ शब्दार्थ र वाक्यमा प्रयोग

**तालिका २१ : शब्दार्थ र वाक्यमा प्रयोग**

| सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|
| **विवरण** | **शिक्षक** | **प्रतिशत** | **विवरण** | **शिक्षक** | **प्रतिशत** |
| आवश्यक छ | ६ | १०० | आवश्यक छ | २ | १०० |
| आवश्यक छैन | - | - | आवश्यक छैन | - | - |
| जम्मा | ६ | १०० | जम्मा | २ | १०० |

उल्लेखित तालिकाअनुसार रूपक विधा शिक्षण गर्दा शब्दार्थ र वाक्यमा प्रयोगसम्बन्धी क्रियाकलाप सामुदायिक तथा संस्थागत विद्यालय दुबैतर्फका सम्पूर्ण शिक्षकले आवश्यक भएकोमा जोड दिएका छन् ।

**तालिका २२ : शब्दार्थ र वाक्यमा प्रयोगको अवस्था**

| सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|
| **विवरण** | **शिक्षक** | **प्रतिशत** | **विवरण** | **शिक्षक** | **प्रतिशत** |
| शब्दार्थ र वाक्यमा प्रयोग गरेको | ४ | ६६.६७ | शब्दार्थ र वाक्यमा प्रयोग गरेको | १ | ५० |
| शब्दार्थ र वाक्यमा प्रयोग नगरेको | २ | ३३.३३ | शब्दार्थ र वाक्यमा प्रयोग नगरेको | १ | ५० |
| जम्मा | ६ | १०० | जम्मा | २ | १०० |

माथि दिइएको तालिकाअनुसार शिक्षक प्रतिक्रियामा शब्दार्थ र वाक्यमा प्रयोगसम्बन्धी क्रियाकलापमा सामुदायिक र संस्थागत विद्यालयका सबै शिक्षकहरूले जोड दिए पनि कक्षा अवलोकन गर्दा सामुदायिक विद्यालयका ४ जना र संस्थागत विद्यालयका १ जना शिक्षक गरी जम्मा ५ जना शिक्षक वा ६२.५% शिक्षकले मात्र शब्दार्थ र वाक्यमा प्रयोग गरी शिक्षण गरेको देखियो भने ३७.५% शिक्षकहरूले प्रतिक्रियामा आवश्यक भएको भने पनि सो अनुसार शब्दार्थ र वाक्यमा प्रयोग गरेको पाइएन ।

### ४.२.७ प्रयोगको माध्यम

**तालिका २३ : प्रयोगको माध्यम**

| सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|
| **विवरण** | **शिक्षक** | **प्रतिशत** | **विवरण** | **शिक्षक** | **प्रतिशत** |
| वाक्यपत्ती, शब्दपत्ती लेखेर देखाउने | २ | ३३.३३ | वाक्यपत्ती, शब्दपत्ती लेखेर देखाउने | १ | ५० |
| शब्दको अर्थ मौखिक रूपमा भन्ने | ३ | ५० | शब्दको अर्थ मौखिक रूपमा भन्ने | - | - |
| फ्लाटिन बोर्डमा शब्द र वाक्यपत्ती प्रदर्शन गर्ने | १ | १६.६७ | फ्लाटिन बोर्डमा शब्द र वाक्यपत्ती प्रदर्शन गर्ने | १ | ५० |
| जम्मा | ६ | १०० | जम्मा | २ | १०० |

माथिको तालिकाअनुसार सामुदायिक विद्यालयतर्फ वाक्यपत्ती र शब्दपत्ती कालोपाटीमा लेखेर देखाउने २ जना र संस्थागत विद्यालयका १ जना शिक्षक रहेको प्रतिक्रिया पाइयो र शब्दको अर्थ मौखिक रूपमा बनाएर पढाउनेमा सामुदायिक विद्यालयका ३ जना शिक्षकहरू देखियो । त्यसैगरी फ्लाटिन पाटीमा शब्दको अर्थ र वाक्यपत्ती प्रदर्शन गरी शिक्षण गर्ने सामुदायिक विद्यालयतर्फ १ जना र संस्थागत विद्यालयका १ जना शिक्षकको प्रतिक्रिया पाइएको छ ।

**तालिका २४ : प्रयोगको अवस्था**

| सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|
| **विवरण** | **शिक्षक** | **प्रतिशत** | **विवरण** | **शिक्षक** | **प्रतिशत** |
| वाक्यपत्ती, शब्दपत्ती लेखेर देखाउने | ३ | ५० | वाक्यपत्ती, शब्दपत्ती लेखेर देखाउने | १ | ५० |
| शब्दको अर्थ मौखिक रूपमा बताउने | ३ | ५० | शब्दको अर्थ मौखिक रूपमा बताउने | - | - |
| फ्लाटिन बोर्डमा शब्द र वाक्यपत्ती प्रदर्शन गरेको | - | - | फ्लाटिन बोर्डमा शब्द र वाक्यपत्ती प्रदर्शन गरेको | १ | ५० |
| जम्मा | ६ | १०० | जम्मा | २ | १०० |

उल्लेखित तालिकाअनुसार कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कबाट शब्दको अर्थ र वाक्यमा प्रयोगबारे मौखिक कार्यकलापबाट गर्ने सरकारी विद्यालयका ३ जना शिक्षक रहेको र त्यस्तैगरी शब्दपत्ती र वाक्यपत्तीलाई कालोपाटीमा लेखेर देखाउने सरकारीतर्फ ३ जना र संस्थागत विद्यालयतर्फ १ जना रहेको पाइएको छ भने यसैगरी शब्दपत्ती र वाक्यपत्तीलाई फ्लाटिन बोर्डमा प्रदर्शन गर्ने संस्थागत विद्यालयका एकजना शिक्षक रहेको पाइयो । यसप्रकार शैक्षिक सामग्रीको निर्माण एवम् प्रयोगसम्बन्धी सैद्धान्तिक ज्ञान भए तापनि व्यवहारमा प्रयोग गर्न नसकेको देखिन्छ ।

### ४.२.८ बोध प्रश्न

**तालिका २५ : बोध प्रश्न**

| सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|
| **विवरण** | **शिक्षक** | **प्रतिशत** | **विवरण** | **शिक्षक** | **प्रतिशत** |
| बोध प्रश्नोत्तर गराउने | ४ | ६६.६७ | बोध प्रश्नोत्तर गराउने | १ | ५० |
| बोध प्रश्नोत्तर नगराउने | २ | ३३.३३ | बोध प्रश्नोत्तर नगराउने | १ | ५० |
| जम्मा | ६ | १०० | जम्मा | २ | १०० |

माथिको तालिकाअनुसार सामुदायिक विद्यालयतर्फ ६ जना शिक्षकमध्ये ४ जना शिक्षकले बोध प्रश्नोत्तर गराउने प्रतिक्रिया दिएको पाइन्छ भने संस्थागत विद्यालयतर्फ २ जना शिक्षकमध्ये १ जनाले बोध प्रश्नोत्तरमा जोड दिएको देखिन्छ । यसरी सरकारी विद्यालयका ४ जना र संस्थागत विद्यालयका १ जना गरी जम्मा ५ जना अर्थात् ६२.५% शिक्षकहरूले बोध प्रश्नोत्तर गराउने र सरकारी तर्फका २ जना र संस्थागत विद्यालयका १ जना गरी जम्मा ३ जना शिक्षकहरू अर्थात् ३७.५% शिक्षकहरूले बोध प्रश्नोत्तर गराउन नसकेको देखिन्छ । जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :-

**तालिका २६ : बोध प्रश्नोत्तर प्रयोगको अवस्था**

| सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|
| **विवरण** | **शिक्षक** | **प्रतिशत** | **विवरण** | **शिक्षक** | **प्रतिशत** |
| बोध प्रश्नोत्तर गराउने | ४ | ६६.६७ | बोध प्रश्नोत्तर गराउने | १ | ५० |
| बोध प्रश्नोत्तर नगराउने | २ | ३३.३३ | बोध प्रश्नोत्तर नगराउने | १ | ५० |
| जम्मा | ६ | १०० | जम्मा | २ | १०० |

### ४.२.९ शिक्षण सामग्री

**तालिका २७ : शिक्षण सामग्री**

| **सामुदायिक विद्यालय** | | | **संस्थागत विद्यालय** | | |
|---|---|---|---|---|---|
| **विवरण** | **शिक्षक** | **प्रतिशत** | **विवरण** | **शिक्षक** | **प्रतिशत** |
| सामग्री निर्माण र प्रयोग गर्ने | ३ | ५० | सामग्री निर्माण र प्रयोग गर्ने | २ | १०० |
| सामग्री निर्माण र प्रयोग नगर्ने | ३ | ५० | सामग्री निर्माण र प्रयोग नगर्ने | - | - |
| जम्मा | ६ | १०० | जम्मा | २ | १०० |

उल्लेखित तालिकाअनुसार रूपक विधा शिक्षण गर्नका लागि शैक्षिक सामग्रीको निर्माण र प्रयोग गर्ने सन्दर्भमा सरकारी विद्यालयका ६ जना शिक्षकमध्ये ३ जनाले सामग्री निर्माण र प्रयोग गर्ने प्रतिक्रिया दिए भने संस्थागत विद्यालयतर्फका २ जनामध्ये दुबै जनाले सामग्री निर्माण र प्रयोग गर्ने प्रतिक्रिया दिएको पाइन्छ ।

**तालिका २८ : शिक्षण सामग्री प्रयोगको अवस्था**

| **सामुदायिक विद्यालय** | | | **संस्थागत विद्यालय** | | |
|---|---|---|---|---|---|
| **विवरण** | **शिक्षक** | **प्रतिशत** | **विवरण** | **शिक्षक** | **प्रतिशत** |
| सामग्री प्रयोग गर्ने | २ | ३३.३३ | सामग्री प्रयोग गर्ने | १ | ५० |
| सामग्री प्रयोग नगर्ने | ४ | ६६.६७ | सामग्री प्रयोग नगर्ने | १ | ५० |
| जम्मा | ६ | १०० | जम्मा | २ | १०० |

माथिको तालिकाअनुसार शिक्षक प्रतिक्रियामा सामुदायिक विद्यालयका ६ जना शिक्षकमध्ये ३ जना शिक्षक र संस्थागत विद्यालयका २ जनामध्ये दुबै जनाले शैक्षिक सामग्री निर्माण र प्रयोग गर्ने बताए पनि कक्षा अवलोकनमा फरक परिणाम प्राप्त भएको छ । जसमध्ये सामुदायिक विद्यालयका २ जना र संस्थागत विद्यालयका १ जना गरी जम्मा ३ जना शिक्षक अर्थात् ३७.५% शिक्षकले मात्र सामान्य शैक्षिक सामग्री निर्माण र प्रयोग गरेको पाइएको छ ।

### ४.२.१० भाषिक सीप शिक्षण

**तालिका २९ : भाषिक सीप शिक्षण**

| सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|
| विवरण | शिक्षक | प्रतिशत | विवरण | शिक्षक | प्रतिशत |
| सुनाइ, बोलाइ, पढाइ र लेखाइ | ३ | ५० | सुनाइ, बोलाइ, पढाइ र लेखाइ | १ | ५० |
| सुनाइ, बोलाइ र पढाइ | १ | १६.६७ | सुनाइ, बोलाइ र पढाइ | - | - |
| सुनाइ, बोलाइ र लेखाइ | - | - | सुनाइ, बोलाइ र लेखाइ | - | - |
| बोलाइ र पढाइ | १ | १६.६७ | बोलाइ र पढाइ | - | - |
| सुनाइ र बोलाइ | १ | १६.६७ | सुनाइ र बोलाइ | १ | ५० |
| जम्मा | ६ | १०० | जम्मा | २ | १०० |

उल्लेखित तालिकाअनुसार भाषिक सीप शिक्षणमा दिइने जोडबारे अवलोकन गर्दा प्राप्त परिणाममा भाषाका चारै सीपमा जोडिएको सामुदायिकतर्फका ३ वटा विद्यालय र संस्थागततर्फको १ वटा विद्यालय रहेका छन् । सुनाइ, बोलाइ र पढाइमा सामुदायिकतर्फको १ वटा विद्यालयका शिक्षक छन् । त्यसैगरी बोलाइ र पढाइमा सामुदायिकतर्फको १ वटा विद्यालयका शिक्षक रहेको देखिन्छ भने सुनाइ र बोलाइ सीपलाई मात्र जोड दिने सामुदायिक विद्यालयका १ जना र संस्थागत विद्यालयका १ जना शिक्षक रहेको पाइन्छ ।

### ४.२.११ मूल्याङ्कन

**तालिका ३० : मूल्याङ्कन**

| सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|
| विवरण | शिक्षक | प्रतिशत | विवरण | शिक्षक | प्रतिशत |
| मूल्याङ्कन गर्ने | ६ | १०० | मूल्याङ्कन गर्ने | २ | १०० |
| मूल्याङ्कन नगर्ने | - | - | मूल्याङ्कन नगर्ने | - | - |
| जम्मा | ६ | १०० | जम्मा | २ | १०० |

माथि प्रस्तुत गरिएको तालिकाअनुसार सामुदायिक तथा संस्थागत विद्यालयतर्फका सबै विद्यालयका शिक्षकहरूले मूल्याङ्कन गर्ने प्रतिक्रिया दिएको पाइन्छ ।

**तालिका ३१ : मूल्याङ्कनको अवस्था**

| सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|
| **विवरण** | **शिक्षक** | **प्रतिशत** | **विवरण** | **शिक्षक** | **प्रतिशत** |
| दैनिक मूल्याङ्कन गर्ने | ४ | ६६.६७ | दैनिक मूल्याङ्कन गर्ने | १ | ५० |
| दैनिक मूल्याङ्कन नगर्ने | २ | ३३.३३ | दैनिक मूल्याङ्कन नगर्ने | १ | ५० |
| जम्मा | ६ | १०० | जम्मा | २ | १०० |

माथिको तथ्याङ्कअनुसार शिक्षक प्रतिक्रियामा शतप्रतिशत शिक्षकहरूले कक्षाकार्यपछि विद्यार्थी मूल्याङ्कन गर्ने कुरा बताए पनि कक्षा अवलोकनबाट प्राप्त परिणामअनुसार सामुदायिक विद्यालयका ४ जना र संस्थागत विद्यालयका १ जना गरी जम्मा ५ जना शिक्षक अर्थात् ६२.५% शिक्षकले मात्र दैनिक विद्यार्थी मूल्याङ्कन गरेको पाइएको छ ।

**तालिका ३२ : मूल्याङ्कन प्रक्रिया**

| सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|
| **विवरण** | **शिक्षक** | **प्रतिशत** | **विवरण** | **शिक्षक** | **प्रतिशत** |
| लिखित | - | - | लिखित | - | - |
| मौखिक | - | - | मौखिक | - | - |
| दुबै | ६ | १०० | दुबै | २ | १०० |
| जम्मा | ६ | १०० | जम्मा | २ | १०० |

उल्लेखित तालिकाअनुसार शिक्षक प्रतिक्रियामा शतप्रतिशत शिक्षकहरूले कक्षा कार्यपछि दुबै माध्यमबाट विद्यार्थी मूल्याङ्कन गर्ने कुरा बताएको पाइन्छ ।

**तालिका ३३ : मूल्याङ्कन प्रक्रियाको अवस्था**

| सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|
| **विवरण** | **शिक्षक** | **प्रतिशत** | **विवरण** | **शिक्षक** | **प्रतिशत** |
| लिखित | २ | ३३.३३ | लिखित | - | - |
| मौखिक | ३ | ५० | मौखिक | १ | ५० |
| दुबै नगरेको | १ | १६.६६ | दुबै नगरेको | १ | ५० |
| जम्मा | ६ | १०० | जम्मा | २ | १०० |

विद्यार्थी मूल्याङ्कन गर्ने प्रक्रियाको बारेमा सोधिएको प्रश्नमा शिक्षक प्रतिक्रियाअनुसार आठवटै विद्यालयका सबै शिक्षकहरूले दैनिक मूल्याङ्कन गर्ने बताए पनि कक्षा अवलोकन गर्दा २ विद्यालयका शिक्षकले लिखित, ४ विद्यालयका शिक्षकले मौखिक र २ विद्यालयका शिक्षकले कुनै पनि किसिमको मूल्याङ्कन पद्धति नगरेको पाइयो । यसप्रकार मूल्याङ्कनका विभिन्न साधनहरूलाई प्रयोग गर्ने प्रतिक्रिया दिए पनि व्यवहारमा मौखिक परीक्षालाई मात्र जोड दिएको देखिन्छ ।

### ४.२.१३ गृहकार्य

**तालिका ३४ : गृहकार्य**

| सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|
| **विवरण** | **शिक्षक** | **प्रतिशत** | **विवरण** | **शिक्षक** | **प्रतिशत** |
| गृहकार्य दिने | ६ | १०० | गृहकार्य दिने | २ | १०० |
| गृहकार्य नदिने | - | - | गृहकार्य नदिने | - | - |
| जम्मा | ६ | १०० | जम्मा | २ | १०० |

उल्लेखित तालिकाअनुसार शिक्षक प्रतिक्रियामा ८ वटै विद्यालयका शतप्रतिशत शिक्षकहरूले कक्षाकार्यपछि गृहकार्य दिने गरेको बताएका छन् ।

**तालिका ३५ : गृहकार्यको अवस्था**

| सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|
| विवरण | शिक्षक | प्रतिशत | विवरण | शिक्षक | प्रतिशत |
| गृहकार्य दिने | ३ | ५० | गृहकार्य दिने | २ | १०० |
| गृहकार्य नदिने | ३ | ५० | गृहकार्य नदिने | - | - |
| जम्मा | ६ | १०० | जम्मा | २ | १०० |

शिक्षक प्रतिक्रियामा सबै विद्यालयका शिक्षकहरूले कक्षाकार्यपश्चात् गृहकार्य दिने कुरा बताए पनि कक्षा अवलोकन गर्दा सामुदायिक विद्यालयका ५०% शिक्षकले र संस्थागत विद्यालयका शतप्रतिशत शिक्षकले गृहकार्य दिने गरेको पाइयो भने सामुदायिक विद्यालयका ५०% शिक्षकले गृहकार्य नदिएको देखिन्छ ।

**तालिका ३६ : गृहकार्य जाँच**

| सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|
| विवरण | शिक्षक | प्रतिशत | विवरण | शिक्षक | प्रतिशत |
| दैनिक गृहकार्य जाँच गर्ने | ६ | १०० | दैनिक गृहकार्य जाँच गर्ने | २ | १०० |
| कहिलेकाहीँ जाँच गर्ने | - | - | कहिलेकाहीँ जाँच गर्ने | - | - |
| कहिल्यै जाँच नगर्ने | - | - | कहिल्यै जाँच नगर्ने | - | - |
| जम्मा | ६ | १०० | जम्मा | २ | १०० |

माथिको तालिका अनुसार सबै ८ वटै विद्यालयका शिक्षकहरूले दैनिक गृहकार्य जाँच गर्ने प्रतिक्रिया दिएको पाइन्छ तर कक्षा अवलोकन गर्दा फरक परिणाम पाइयो । जसमा सामुदायिक विद्यालयका २ जना र संस्थागत विद्यालयका १ जना शिक्षकले दैनिक गृहकार्य जाँच गरेको देखिन्छ । त्यसैगरी सामुदायिक विद्यालयका ३ जना र संस्थागत विद्यालयका १ जना शिक्षकले कहिलेकाहीँ मात्र गृहकार्य जाँच गरेको पाइयो भने सामुदायिक विद्यालयका १ जना शिक्षकले कहिल्यै पनि गृहकार्य जाँच गरेको देखिएन । कक्षा अवलोकन गरी प्राप्त विवरणलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :-

**तालिका ३७ : गृहकार्य जाँच गर्ने अवस्था**

| सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|
| **विवरण** | **शिक्षक** | **प्रतिशत** | **विवरण** | **शिक्षक** | **प्रतिशत** |
| दैनिक गृहकार्य जाँच गर्ने | २ | ३३.३३ | दैनिक गृहकार्य जाँच गर्ने | १ | ५० |
| कहिलेकाहीँ जाँच गर्ने | ३ | ५० | कहिलेकाहीँ जाँच गर्ने | १ | ५० |
| कहिल्यै जाँच नगर्ने | १ | १६.६७ | कहिल्यै जाँच नगर्ने | - | - |
| जम्मा | ६ | १०० | जम्मा | २ | १०० |

माथि प्रस्तुत गरिएका तालिका र त्यसको व्याख्या, विश्लेषणका आधारमा समग्रमा हेर्दा संस्थागत विद्यालयको तुलनामा सरकारी विद्यालयका रूपक विधा शिक्षण गर्दा बढी क्रियाकलाप अवलम्बन गरेको देखिन्छ । सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकबीच पाठयोजनासम्बन्धी गरिएको प्रश्नमा शिक्षक प्रतिक्रियामा सामुदायिकतर्फका ५०% शिक्षकले र संस्थागततर्फका शतप्रतिशत शिक्षकले पाठयोजना बनाउने भने पनि कक्षा अवलोकन गर्दा सामुदायिकतर्फका ३३.३३% र संस्थागततर्फ ५०% शिक्षकले मात्र पाठयोजना अनुसार शिक्षण गरेको पाइयो भने बाँकी सामुदायिकतर्फका ६६.६७% र संस्थागततर्फका ५०% शिक्षकले पाठयोजना विना नै शिक्षण गरेको देखिन्छ । पाठयोजना निर्माण गरी शिक्षण कार्यकलाप गरेमा उद्देश्यअनुसार शिक्षण गर्न सकिन्छ । शिक्षण व्यवस्थित बनाउन सकिन्छ र शिक्षणमा अन्योल हुँदैन भन्ने प्रतिक्रिया क्रमशः सामुदायिकतर्फका ३३.३३%, ५०% र १६.६७% र संस्थागत विद्यालयतर्फ शिक्षण कार्य उद्देश्यानुसार गर्न सकिन्छ भन्नेमा ५०% र शिक्षणलाई व्यवस्थित बनाउँछ भन्नेमा ५०% शिक्षकहरूले प्रतिक्रिया दिए पनि सामुदायिक विद्यालयका ३३.३३% ले आवश्यकता नभएर र १६.६७% शिक्षकले झञ्झट मानेर पाठयोजना निर्माण नगरेको प्रतिक्रिया दिएका छन् । शिक्षकमा सैद्धान्तिक ज्ञान भए तापनि पाठयोजना निर्माण गरी व्यवहारमा लागू गरेको पाइदैन ।

रूपक विधा शिक्षणको उद्देश्यसम्बन्धी गरिएको प्रश्नमा शतप्रतिशत विद्यालयका शिक्षकले अभिनयात्मक सीप र भाषिक सीप विकासमा जोड दिनु रहेको प्रतिक्रिया देखाएको पाइन्छ । कक्षा शिक्षणको शुरुवातबारे ५०% विद्यालयका शिक्षकहरूले सस्वरवाचनबाट गरेको प्रतिक्रिया व्यक्त गरेका छन् भने बाँकी ५०% शिक्षकले सारांश र कठीन शब्दबाट शुरु गरेको पाइएको छ । कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कको विश्लेषण गर्दा

सस्वरवाचनबाट ५०% शिक्षकले शुरुवात गरेको देखिन्छ भने सारांशबाट ३७.५% शिक्षकले र कठीन शब्दबाट १२.५% शिक्षकले कक्षा शुरुवात गरेको पाइन्छ ।

रूपक विधा शिक्षणमा सस्वरवाचनको आवश्यकताबारे प्राप्त शिक्षक प्रतिक्रियामा सामुदायिक विद्यालयतर्फ ६६.६७% र संस्थागत विद्यालयतर्फ ५०% शिक्षकले आवश्यकता भएको धारणा व्यक्त गरे पनि कक्षा अवलोकन गर्दा सस्वरवाचन क्रियाकलापलाई कक्षामा प्रयोग गर्दा खासै ध्यान दिएको देखिँदैन । सामुदायिकतर्फ २ जना र संस्थागततर्फ १ जना गरी जम्मा ३ जना शिक्षकले सस्वरवाचन आवश्यक भएको प्रतिक्रिया दिएको देखिन्छ । रूपक विधा शिक्षणको उद्देश्यबारे सामुदायिकतर्फ २ जना र संस्थागत विद्यालयतर्फ १ जना शिक्षकले शुद्ध उच्चारण गर्न, सामुदायिक विद्यालयतर्फ ३ जनाले गति, यति मिलाई पढ्न र सामुदायिक र संस्थागत विद्यालयतर्फका क्रमशः २ जना र १ जना शिक्षकले भावअनुसार पठनबोध गर्न भन्ने प्रतिक्रिया दिए पनि कक्षा अवलोकन गर्दा केही फरक परिणाम प्राप्त भई सामुदायिकतर्फ गति, यति मिलाई पढ्नमा २ जना शिक्षक र सामुदायिक विद्यालयकै भावअनुसार पठनबोध गर्नमा २ जना शिक्षकले क्रियाकलाप गरेको देखिन्छ ।

रूपक विधा शिक्षण कार्यकलापबाट गरिने भाषिक क्रियाकलापबारे शिक्षकहरूबाट प्राप्त प्रतिक्रियाअनुसार सामुदायिकतर्फका ६ जना र संस्थागततर्फका २ जना गरी सबै जनाले अभिनय र नाटकीकरणद्वारा शिक्षण गर्ने गरेको देखिन्छ । त्यस्तैगरी सस्वरपठन, गति, यति र लय मिलाएर पढ्ने, मौनपठन गराउने र लेख्य चिन्ह र शब्दार्थ प्रयोग गर्ने क्रियाकलापहरू पनि दुबै किसिमका विद्यालयतर्फ गरेको पाइन्छ ।

शब्दार्थ र वाक्यमा प्रयोग शिक्षणसम्बन्धी गरिएको प्रश्नको प्राप्त प्रतिक्रियाअनुसार शतप्रतिशत शिक्षकहरूले शब्दार्थ र वाक्यमा प्रयोग आवश्यकता भएको धारणा व्यक्त गरे पनि कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कअनुसार सामुदायिकतर्फका ४ जना र संस्थागततर्फका १ जना शिक्षकले मात्र रूपक विधा शिक्षण गर्दा शब्दार्थ र वाक्यमा प्रयोगसम्बन्धी कार्यकलाप गरेको पाइन्छ । बाँकी सामुदायिकतर्फका २ जना र संस्थागततर्फका १ जना शिक्षकले उक्त क्रियाकलाप गरेको देखिदैन । शब्दार्थ र वाक्यमा प्रयोग शिक्षणसम्बन्धी सैद्धान्तिक ज्ञान सम्पूर्ण शिक्षकहरूमा भए पनि त्यसको व्यवहारिक पक्षमा ध्यान दिई कक्षा कार्यकलापमा प्रभावकारी ढङ्गले प्रयोग गरेको देखिदैन । रूपक विधा शिक्षणका लागि शब्दार्थ र वाक्यमा प्रयोगको माध्यमबारे शिक्षकबाट प्राप्त प्रतिक्रियामा सामुदायिकतर्फ २ जना र संस्थागततर्फ १ जना शिक्षकले वाक्यपत्ती र शब्दपत्ती

कालोपाटीमा लेखेर देखाउने र दुबैतर्फका १/१ जना शिक्षकले फ्लाटिन पाटीमा शब्दपत्ती र वाक्यपत्ती प्रदर्शन गर्ने तथा सामुदायिकतर्फका ३ जना शिक्षकले मौखिक रूपमा बताउने गरेको पाइन्छ तर कक्षा अवलोकनबाट प्राप्त विवरणअनुसार सामुदायिक विद्यालयतर्फ ३ जना शिक्षकले शब्दपत्ती र वाक्यपत्ती कालोपाटीमा लेखेर देखाउने र बाँकी ३ जना शिक्षकले मौखिक रूपमै बताउने गरेको पाइयो । शब्दपत्ती, वाक्यपत्ती निर्माण गरी शिक्षण गर्नका लागि सैद्धान्तिक ज्ञान भए तापनि व्यवहारिक पक्षमा जोड नदिएको पाइन्छ ।

रूपक विधाको शिक्षण गर्दा बोध प्रश्नोत्तरबारे प्राप्त प्रतिक्रियामा सामुदायिकतर्फका ४ जनाले बोध प्रश्नोत्तर गराउने र २ जनाले नगराउने प्रतिक्रिया व्यक्त गरेका छन् भने संस्थागत विद्यालयतर्फ पनि १ जनाले गराउने र १ जनाले नगराउने धारणा व्यक्त गरेको पाइन्छ । कक्षा अवलोकनबाट प्राप्त विवरणअनुसार पनि ६२.५% शिक्षकहरूले उक्त कार्यकलाप गरेको र ३७.५% शिक्षकहरूले बोध प्रश्नोत्तर नगराएको देखिन्छ । भाषिक सीप विकास सम्बन्धमा प्राप्त भएको शिक्षक प्रतिक्रिया र कक्षा अवलोकन विवरणबाट प्राप्त तथ्याङ्कलाई हेर्दा भाषाका चारै सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीप भए पनि सामुदायिकका ३ र संस्थागत विद्यालयका १ जना गरी जम्मा ४ जना शिक्षकले ध्यान दिएको देखिन्छ भने बाँकी ४ विद्यालयमध्ये सामुदायिकतर्फका १ जनाले सुनाइ, बोलाइ र पढाइमा, १ जनाले बोलाइ र पढाइमा र बाँकी सामुदायिकका १ जना र संस्थागत विद्यालयका १ जनाले सुनाइ र बोलाइ सीपमा जोड दिएको पाइयो । भाषाका चारै सीपमा ध्यान दिनुपर्नेमा सबै शिक्षकले सबै सीपमा ध्यान दिएको देखिदैन ।

कक्षा कार्यकलाप सञ्चालनपछि गरिने विद्यार्थी मूल्याङ्कनसम्बन्धी लिइएको प्रतिक्रियामा सबै विद्यालयका शिक्षकहरूबाट समान विचार व्यक्त गरेको पाइए तापनि कक्षा अवलोकनबाट प्राप्त विवरणअनुसार ६२.५% शिक्षकहरूले विद्यार्थी मूल्याङ्कन गरेको देखिन्छ भने बाँकी ३७.५% शिक्षकहरूले मूल्याङ्कन नगरेको पाइयो । मूल्याङ्कन क्रियाकलापसम्बन्धी गरिएको प्रतिक्रियामा लिखित र मौखिक दुबै माध्यमबाट गरिएको भने पनि कक्षा अवलोकनबाट प्राप्त विवरणमा लिखितमा २ जना शिक्षक, मौखिकमा ४ जना शिक्षक र दुबै नगराउने सामुदायिकका १ जना र संस्थागत विद्यालयका १ जना गरी २ जना शिक्षक रहेको देखिन्छ ।

दैनिक गृहकार्य दिने सम्बन्धमा गरिएको प्रश्नमा सबै ८ वटै विद्यालयका शिक्षकहरूले गृहकार्य दिने प्रतिक्रिया व्यक्त गरेको देखिन्छ तापनि कक्षा अवलोकनबाट प्राप्त

विवरणअनुसार संस्थागत विद्यालयका शतप्रतिशत शिक्षकले गृहकार्य दिने गरेको पाइए पनि सरकारी विद्यालयका ५०% शिक्षकले मात्र गृहकार्य दिने गरेको पाइयो । शिक्षक प्रतिक्रियामा शतप्रतिशत शिक्षकले दैनिक गृहकार्य जाँच गर्ने प्रतिक्रिया व्यक्त गरे पनि कक्षा अवलोकन गर्दा सामुदायिक तथा संस्थागत विद्यालयका ३ जना शिक्षकले दैनिक गृहकार्य जाँच गरेको र कहिलेकाहीँ जाँच गर्नेमा सामुदायिक विद्यालयका ३ जना र संस्थागत विद्यालयका १ जना शिक्षक रहेको देखिन्छ भने कहिल्यै पनि गृहकार्य जाँच नगर्नेमा सामुदायिक विद्यालयका १ जना शिक्षक रहेका छन् । यसप्रकार निरन्तर मूल्याङ्कन गरी पृष्ठपोषण दिनुपर्ने व्यवस्था भए पनि व्यवहारमा अवलम्बन नगरेको देखिन्छ ।

## ४.३ निष्कर्ष

शोधकार्यको सन्दर्भमा गरिएको चौथो परिच्छेदको तथ्याङ्कको व्याख्या र विश्लेषणका आधारमा निम्न माध्यमिक तहमा रूपक विधा शिक्षण गर्दा विभिन्न क्रियाकलापहरू अवलम्बन गरिएको पाइन्छ । सामुदायिक विद्यालयमा अधिकांश शिक्षकहरू स्थायी हुने र जागिरको स्थायीत्व भएका कारण शिक्षणप्रति कमै जाँगर भएको पाइन्छ । स्थायी शिक्षकहरूमा सेवा सुविधा बढी लिने तर काम थोरै गर्ने प्रवृत्ति देखिन्छ । यसको विपरित संस्थागत विद्यालयका शिक्षकहरूको जागिरको स्थायीत्व नहुनुका कारण आफ्नो पेशाप्रति बढी क्रियाशील रहेको र कार्यबोझ, अनुशासन र जिम्मेवारी अधिक भए पनि संस्थागत विद्यालयका शिक्षकहरू कम सेवा सुविधा लिई पेशाप्रति बढी जिम्मेवार र क्रियाशील रहनु परेको विचार व्यक्त भएको पाइन्छ । जसले गर्दा सरकारी विद्यालयहरूमा भन्दा संस्थागत विद्यालयमा रूपक विधा शिक्षण गर्दा बढी क्रियाकलाप अवलम्बन गरेको देखिन्छ । शिक्षण विधि, विद्यार्थी मूल्याङ्कन, सामग्री निर्माण तथा प्रयोग, शैक्षिक योजना निर्माण र प्रयोग बारेमा सैद्धान्तिक ज्ञान भए पनि व्यवहारमा प्रयोग ल्याई रूपक विधा शिक्षण कार्यकलापलाई उद्देश्यमूलक बनाउन नसकेको देखिन्छ । नेपाली भाषाका चारवटै सीप सिकाउने प्रयोजनका लागि रूपक विधालाई नि.मा.वि. तहको पाठ्यक्रममा समावेश गरिए तापनि अभिनयात्मक सीप विकासमा मात्र जोड दिएको देखिन्छ । विभिन्न पक्षका प्रश्नहरूमा शिक्षकबाट प्राप्त भएका प्रतिक्रिया र कक्षा अवलोकनबाट प्राप्त विवरण समान नआई फरक फरक आएका छन् ।

# परिच्छेद : पाँच
# निष्कर्ष तथा सुझावहरू

## ४.१ खण्डगत निष्कर्ष

**निम्न माध्यमिक तहको रूपक विधा शिक्षण कार्यकलापको अध्ययन** शीर्षकमा तयार गरिएको यस शोधपत्रलाई तीन भाग र पाँच परिच्छेदमा विभाजन गरिएको छ । जसको अग्रभागमा मुखपृष्ठ, सिफारिस पत्र, स्वीकृति पत्र, कृतज्ञताज्ञापन, शोधसार, विषयसूची, तालिकासूची र संक्षेपीकृत शब्दसूची राखिएको छ ।

यस शोधपत्रको मध्य भागमा परिच्छेद एकदेखि पाँच परिच्छेदसम्म समावेश गरिएको छ । जसको परिच्छेद एकमा शोधपरिचयअन्तर्गत शोधशीर्षक, शोधप्रयोजन, शोधसमस्या, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको क्षेत्र र सीमा, शोधको औचित्य, शोधविधि र शोधपत्रको रूपरेखा समावेश गरिएको छ ।

यस शोधपत्रको परिच्छेद दुईमा रूपक विधाका सैद्धान्तिक एवम् व्यवहारिक पक्ष र स्वरूपहरूअन्तर्गत रूपकको परिचय, परिभाषा, रूपक विधाको वर्गीकरण, रूपक शिक्षणको प्रयोजन र रूपक शिक्षण कार्यकलापका बारेमा उल्लेख गरिएको छ ।

यस शोधपत्रको परिच्छेद तीनमा नि.मा.वि. तहको नेपाली भाषा पाठ्यक्रममा रूपक विधाको चर्चा गर्ने क्रममा निर्दिष्ट पाठ्यक्रममा रूपक विधाको स्थान (नि.मा.वि. तहको नेपाली पाठ्यक्रम २०६४) अन्तर्गत भाषिक सीप विकाससँग सम्बन्धित रूपक विधाका साधारण एवम् विशिष्ट उद्देश्यहरू, विधाको क्षेत्र, शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रिया तथा सम्बद्ध पाठ्यक्रसँग रूपक विधाका पाठका नमूना अभ्यासको सम्बन्धमा सीपगत आधार र पक्षको आधारमा चर्चा गरिएको छ ।

यस शोधपत्रको मूल परिच्छेदको रूपमा परिच्छेद चार रहेको छ । जसमा नि.मा.वि. तहमा रूपक विधा शिक्षण कार्यकलापको व्याख्या र विश्लेषण गर्ने क्रममा परिचय, प्राप्त सूचनाको विश्लेषणअन्तर्गत पाठयोजना, क्रियाकलाप, सस्वरवाचन, उद्देश्य, भाषिक सीप, शब्दार्थ र वाक्यमा प्रयोग, प्रयोगको माध्यम, बोध प्रश्न, शिक्षण सामग्री, भाषिक सीप शिक्षण, मूल्याङ्कन र गृहकार्यको बारेमा जानकारी र प्रयोगको अवस्थाका बारेमा चर्चा गरिएको छ ।

यस शोधपत्रको अन्तिम परिच्छेदको रूपमा परिच्छेद पाँच रहेको छ । जसमा खण्डगत निष्कर्ष, समग्र निष्कर्ष, सुझावहरू र भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू समावेश गरिएको छ ।

यस शोधपत्रको अन्तिम भागमा सन्दर्भसामग्री-सूची र व्यक्तिगत विवरण समावेश गरिएको छ ।

## ५.२ समग्र निष्कर्ष

यस शोधकार्य सम्पन्न गर्नका लागि ८ वटा विद्यालयहरू छनोट गरिएको थियो । जसमा सरकारी विद्यालय ६ वटा र संस्थागत विद्यालय २ वटा रहेका थिए । ती विद्यालयहरूमा नि.मा.वि. तहमा रूपक विधा शिक्षण गर्नका लागि सञ्चालन गरिने क्रियाकलापहरूको तथ्याङ्क सङ्कलन गरी तिनीहरूको तालिकीकरण र विश्लेषण गरी निष्कर्ष निकालिएको छ । सरकारी र संस्थागत विद्यालयका ८ जना शिक्षकमध्ये ५ जना शिक्षकले पाठयोजना निर्माण गर्ने कुरा बताए पनि कक्षा अवलोकन गर्दा सामुदायिक विद्यालयका २ जना शिक्षक र संस्थागत विद्यालयका १ जना शिक्षक बाहेक बाँकी ५ जना शिक्षकले पाठयोजना निर्माण र प्रयोग नगरी शिक्षण कार्यकलाप सञ्चालन गरेको पाइएको छ । यस सम्बन्धमा मौखिक कुराकानीमा ७/७ पिरीयड पढाउनुपर्ने बाध्यता भएकोले फुर्सद नभएको र झन्झट पनि भएकोले पाठयोजना निर्माण गर्न नसक्ने विचार व्यक्त गरेको पाइएको छ भने कसैले आवश्यकता नभएको विचार पनि व्यक्त गरेका छन् ।

पाठयोजनाको फाइदाको बारेमा नि.मा.वि. तहमा नेपाली भाषा अध्यापन गराउने शिक्षकहरूले उद्देश्यमूलक शिक्षण गर्न, शिक्षण व्यवस्थित बनाउन, शिक्षणमा अन्यौल नहुने फाइदा बताए पनि व्यवहारमा सबै शिक्षकहरूले पाठयोजना निर्माण गरी शिक्षण गरेको देखिदैन ।

रूपक विधा शिक्षणको उद्देश्य भाषाका चारवटै सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीप विकासतर्फ भन्दा अभिनयात्मक सीप विकासमा धेरै विद्यालयका शिक्षकहरूले जोड दिएको देखिन्छ ।

नि.मा.वि. तहमा नेपाली भाषा शिक्षण गर्ने कतिपय शिक्षकहरूलाई रूपक विधाको बारेमा सैद्धान्तिक ज्ञानको कमी भए पनि रूपक विधा शिक्षण अभिनयात्मक क्षमता, भाषिक सीप क्षमता विकासका लागि भएको धारणा धेरै शिक्षकमा रहेको देखिन्छ ।

रूपक विधा शिक्षण कार्यको शुरुवात सरकारी विद्यालयका र संस्थागत विद्यालयका ५०% शिक्षकले सस्वरवाचनबाट गरेको पाइएको छ भने बाँकी ५०% शिक्षकहरूले अन्य तरिकाबाट पनि शुरुवात गरेको पाइन्छ । सस्वरवाचनको आवश्यकता ५ जना शिक्षकले बताएका भए पनि कक्षाकोठामा त्यसको प्रभावकारी प्रयोग गरेको पाइएन साथै ३ जना शिक्षकहरूले सस्वरवाचनको आवश्यकता नभएको विचार व्यक्त गरेका छन् ।

रूपक विधाको शिक्षणबाट शुद्ध उच्चारण गर्न सक्ने उद्देश्य पूरा हुने विचार ३ जना शिक्षकले व्यक्त गरेको र कक्षा अवलोकनमा पनि ३ जना शिक्षकले शुद्ध उच्चारणमा ध्यान दिएको पाइएको छ । बाँकी शिक्षकहरूले गति, यति, लय तथा भावबोध गराउने उद्देश्यमाथि विचार व्यक्त गरेको र अवलोकनमा पनि सोही बमोजिम कार्यकलाप गरेको पाइयो ।

रूपक विधा शिक्षण गर्दा सञ्चालन गरिने भाषिक क्रियाकलाप सम्बन्धमा शिक्षक प्रतिक्रिया र अवलोकनबाट अभिनय तथा नाटकीकरण, सस्वरपठन, गति, यति, लय तथा लेख्य चिन्ह र शब्दार्थ प्रयोगजस्ता क्रियाकलाप गर्ने गरेको पाइएको छ ।

शब्दार्थ र वाक्यमा प्रयोग शिक्षणको माध्यम सम्बन्धमा सामुदायिक र संस्थागत विद्यालयका शिक्षकहरूले फरक फरक माध्यम अवलम्बन गरेका र सामग्री निर्माण गर्ने सैद्धान्तिक ज्ञान भए पनि सामग्री निर्माणमा समय लाग्ने, खर्च हुने, झञ्झट हुने कारणले मौखिक रूपमा बताउने र पाटीमा लेखेर देखाउने शिक्षकहरू बढी रहेको देखिन्छ ।

बोध प्रश्नोत्तर सम्बन्धमा शिक्षक प्रतिक्रिया र कक्षा अवलोकनबाट प्राप्त विवरण अनुसार समान धारणा व्यक्त भएको पाइन्छ । कूल शिक्षक ८ जनामध्ये ६२.५% शिक्षकले बोध प्रश्नोत्तर गर्ने र ३७.५% शिक्षकले नगर्ने गरेको पाइन्छ ।

शैक्षिक सामग्री प्रयोग सम्बन्धमा शिक्षक प्रतिक्रियामा सरकारी विद्यालयका ५०% र संस्थागत विद्यालयका शतप्रतिशतले निर्माण र प्रयोग गर्ने बताएका भए पनि कक्षा अवलोकनमा सरकारी विद्यालयका ३३.३३% र संस्थागत विद्यालयका ५०% शिक्षकले बाहेक बाँकी सबै शिक्षकले शैक्षिक सामग्री प्रयोग नगरेको देखिन्छ । प्रयोग गरिएका शैक्षिक सामग्रीहरू पनि दैनिक प्रयोगका सामग्री मात्र रहेको पाइन्छ । अन्य सामग्री निर्माण र प्रयोगमा ध्यान दिन नसकेको देखिन्छ । सरकारबाट शैक्षिक सामग्रीका लागि अनुदान नदिने, तलब, भत्ता कमी भएको, विद्यालयबाट शैक्षिक सामग्रीको व्यवस्थापन नगरिएको, शैक्षिक सामग्री निर्माण गर्ने कौशल समेत नभएकोले शैक्षिक सामग्री प्रयोगमा कमी आएको पाइन्छ ।

मूल्याङ्कन सम्बन्धमा सबै विद्यालयका शतप्रतिशत शिक्षकहरूले शिक्षण कार्यकलापपछि मूल्याङ्कन गर्ने बताए पनि कक्षा अवलोकनबाट २५% शिक्षकले लिखित रूपमा, ५०% शिक्षकले मौखिक रूपमा मूल्याङ्कन गरेको पाइयो भने बाँकी २५% शिक्षकले मूल्याङ्कन नै नगरेको देखिन्छ ।

सबै विद्यालयका शिक्षकहरूले दैनिक गृहकार्य दिने र जाँच गर्ने भने तापनि नियमित गृहकार्य दिई जाँच गर्ने सामुदायिक विद्यालयतर्फ २ जना र संस्थागत विद्यालयतर्फ १ जना गरी जम्मा ३७.५% ले नियमित गृहकार्य जाँच गर्ने गरेको पाइन्छ ।

विद्यार्थीको मूल्याङ्कन गरी उनीहरूका कमी कमजोरी पत्ता लगाई नियमित पृष्ठपोषण गरेर विद्यार्थीको व्यवहारमा सकारात्मक परिवर्तन गर्न सकिन्छ भनिए तापनि नियमित गृहकार्य दिई कमी कमजोरी पहिचान गरी पृष्ठपोषण नदिँदा शिक्षकहरू विद्यार्थीको भविष्यप्रति संवेदनशील हुनुभन्दा जागिरपट्टि मात्र ध्यान गएको देखिन्छ ।

अधिकांश शिक्षकहरू तालिम प्राप्त भए पनि तालिमबाट प्राप्त ज्ञान, सीपलाई व्यवहारिक रूपमा कक्षाकोठामा प्रयोग गर्न नसकेको पाइन्छ ।

नेपाली विषय आम नेपालीहरूको बोलचालको भाषा र बाल्यकालदेखिको भाषा भनी बेवास्ता गरी प्रभावकारी शिक्षण गर्न शिक्षक, अध्ययन गर्ने विद्यार्थीको चासो कमी भएकोले रूपक विधा शिक्षणमा सक्रियता कमी भएको पाइन्छ । रूपक विधाजस्तो व्यवहारमूलक र सीपमूलक विषय अध्यापन गर्ने शिक्षकहरूले यसको व्यवहारिकताभन्दा सैद्धान्तिक पक्षमा बढी जोड दिएको देखिन्छ ।

## ५.३ सुझाव

१. पाठयोजना निर्माण र त्यसको प्रयोग गरी शिक्षण गर्दा शिक्षण सिकाइ उद्देश्यमूलक, प्रभावकारी र व्यवस्थित हुने हुँदा सबै विद्यालयका शिक्षकहरूले त्यसतर्फ ध्यान दिनु पर्दछ ।

२. रूपक विधाको शिक्षण कार्यकलापद्वारा विद्यार्थीहरूमा नाटकीकरण तथा अभिनयको माध्यमबाट रुची उत्पन्न गराई भाषिक सीप विकासमा जोड दिनुपर्ने देखिन्छ ।

३. गति, यति, लय र हाउभाउसहित शिक्षणमा विद्यार्थीहरू सक्षम नभए शिक्षकले आदर्श वाचन गरेर सुनाउने र पर्याप्त अभ्यास गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४. भाषाका चारै सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई समान महत्त्व दिनेतर्फ ध्यान दिइनुपर्छ ।

५. रूपक विधाको सैद्धान्तिक तथा यसको व्यवहारिक ज्ञान आर्जन गरी शिक्षण सीप विकास गर्न शिक्षकहरू सजग र सचेत हुनुपर्छ ।

६. रूपक विधाको शिक्षणबाट विद्यार्थीहरूमा अभिनयात्मक एवम् अभिव्यक्तिशील कलाको विकास हुने भएकोले विद्यालयमा अतिरिक्त क्रियाकलापमा जोड दिनुपर्ने देखिन्छ ।

७. दैनिक प्रयोग हुने शैक्षिक सामग्रीका अतिरिक्त अन्य शैक्षिक सामग्रीहरूको निर्माण, प्रयोग, सङ्कलन, संरक्षणतर्फ विद्यालय प्रशासन र विषयशिक्षक सचेत रहनुपर्छ ।

८. शिक्षक तालिमबाट प्राप्त ज्ञान र सीपलाई व्यवहारिक रूपमा कक्षाकोठामा प्रयोग गरी शिक्षण कार्यलाई सुधार गर्नुपर्ने देखिन्छ ।

९. विद्यालयमा जागिरका लागि मात्र काम गर्ने शिक्षक र नियमित एवम् क्रियाशील शिक्षकहरूबीच मूल्याङ्कन एवम् अनुगमन गरी दण्ड र पुरस्कार (प्रोत्साहन) को व्यवस्था गरिनु पर्छ ।

१०. सरकारी विद्यालयको तुलनामा संस्थागत विद्यालयका शिक्षकहरूले दैनिक गृहकार्य दिने र नियमित जाँच गर्ने गरेको हुँदा सामुदायिक विद्यालयका शिक्षकहरूलाई सम्बन्धित निकायबाट बेलाबेलामा निरीक्षण, अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनुपर्ने देखिन्छ ।

११. सामुदायिक विद्यालयका शिक्षकको तुलनामा संस्थागत विद्यालयका शिक्षकहरूमा कार्यबोझ बढी तर सेवा सुविधामा कमी भएकोले सरकारी पक्ष र व्यवस्थापन पक्षबाट समान सेवा सुविधाको व्यवस्थापनका लागि कानूनी पक्षमा सुधार गर्नुपर्ने देखिन्छ ।

१२. व्याख्यान विधिभन्दा विद्यार्थी केन्द्रित विधिमा जोड दिनुपर्ने देखिन्छ ।

१३. संस्थागत विद्यालयहरूमा अंग्रेजी भाषालाई बढी महत्त्वका साथ लिइएको हुँदा नेपाली भाषाको विकासका लागि नेपाली भाषा प्रयोगको अवसर बढाउनेतर्फ ध्यान दिनुपर्छ ।

१४. विद्यार्थी शिक्षण र मूल्याङ्कनमा सहयोग पुऱ्याउने खालको अभ्यास र क्रियाकलापमा जोड दिनु पर्छ ।

१५. संस्थागत विद्यालयमा नेपाली भाषाबाहेक अन्य विषयका शिक्षकहरूले नेपाली विषय शिक्षण गर्ने गरेको पाइएको हुँदा नेपाली भाषा विषयलाई महत्त्व दिएर विषयगत शिक्षकको व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

१६. रूपक विधाभन्दा अन्य विधा फरक खालको प्रयोगात्मक र सीपमूलक विधा भएकोले सोहीअनुसार शिक्षण क्रियाकलापहरूमा ध्यान दिनुपर्ने देखिन्छ ।

## ५.४ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू

रूपक विधा शिक्षणसम्बन्धी अध्ययन तथा अनुसन्धान गर्न चाहने अनुसन्धानकर्ताले आगामी दिनमा अनुसन्धान गर्नका लागि सम्भावित शीर्षकहरू निम्न रहेका छन् :-

(१) माध्यमिक तहमा रूपक विधाको अध्ययन

(२) कक्षा ९ र १० मा प्रयुक्त रूपक विधाको तुलनात्मक अध्ययन

(३) माध्यमिक तहको रूपक विधा शिक्षण कार्यकलापको अध्ययन

(४) सामुदायिक तथा संस्थागत विद्यालयको नि.मा.वि. तहमा रूपक विधा शिक्षण कार्यकलापको तुलनात्मक अध्ययन

(५) नि.मा.वि. तहको रूपक विधा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था ।

# सन्दर्भसामग्री-सूची


अधिकारी, कोमलनाथ (अनु.), (२०२३), **साहित्य दर्पण**, काठमाडौं : रोयल नेपाल एकेडेमी ।

अधिकारी हेमाङ्गराज, (२०५७), **नेपाली भाषा शिक्षण,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

____________, र केदार प्रसाद शर्मा, (२०५६), **प्रारम्भिक नेपाली भाषा शिक्षण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य सुस्मा, (२०६३), **नि.मा.वि. तहमा रूपक विद्याका माध्यमवाट गराईने कार्यकलापको अध्ययन**, अप्रकाशित शिक्षा स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

उपाध्याय, केशवप्रसाद, (२०४९), **साहित्य प्रकाश**, काठमाडौं : साझा प्रकाशन ।

कर्माचार्य, के.एल. र पी.आर. बैद्य, (सम्पा.), **अजन्ताज डिक्सनरी**, दिल्ली : अजन्ता प्रकाशन ।

थापा, मोहन हिमांशु, (२०५०), **साहित्य परिचय**, च.सं. काठमाडौं : साझा प्रकाशन ।

ढुङ्गेल भोजराज, दुर्गा दाहाल, (२०५६), **नेपाली भाषा पाठयक्रम र पाठयपुस्तक तथा शिक्षण पद्धति,** काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।

____________ र दुर्गा प्रसाद दाहाल, (२०६३), **नेपाली भाषा शिक्षण**, काठमाण्डौं : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।

नेपाली बुद्धिराम, (२०६७), **सामुदायिक तथा निजी माध्यमिक विद्यालयमा रूपक विधा शिक्षण कार्यकलापको तुलनात्मक अध्ययन**, अप्रकाशित शिक्षा स्नातकोत्तर शोधपत्र, त्रि.वि., तानसेन बहुमुखी क्याम्पस, पाल्पा ।

**निम्न माध्यमिक तहको पाठ्यक्रम** (२०५८), कक्षा ६-८, सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

**नेपाली शिक्षक निर्देशिका** (२०६५), कक्षा ६, सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

__________________(२०६५), कक्षा ७, सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

__________________(२०६१), कक्षा ८, सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

**पाठ्यक्रम**, (२०२८), भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

बराल, अर्जुन, (२०५९), **माध्यमिक तह कक्षा ९ र १० नेपाली पाठ्यपुस्तकमा उपयुक्त रूपक विधाको विश्लेषण,** अप्रकाशित शिक्षा स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

लामिछाने, यादवप्रकाश, (२०५२), **नेपाली भाषा शिक्षण परिचय**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, बसन्तकुमार 'नेपाल', (सम्पा.), (२०५७), **नेपाली शब्दसागर**, काठमाडौं : भाभा पुस्तक भण्डार ।

**हाम्रो नेपाली किताब,** (२०६४), कक्षा ६, दो.सं., सानोठिमी भक्तपुर : जनक शिक्षा सामग्री केन्द्र लिमिटेड ।

__________________(२०६४), कक्षा ७, दो.सं., सानोठिमी भक्तपुर : जनक शिक्षा सामग्री केन्द्र लिमिटेड ।

__________________(२०६३), कक्षा ८, ते.सं., सानोठिमी भक्तपुर : जनक शिक्षा सामग्री केन्द्र लिमिटेड ।

## परिशिष्ट : 'क'

## विषय शिक्षकको लागि तयार गरिएका नमुना प्रश्नावली

विद्यालयको नाम र ठेगाना -

| क्र.स | शिक्षकको नाम | तह | स्थायी | अस्थायी | योग्यता | तालिम प्राप्त | तालिम अप्राप्त | सेवा अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

**प्रश्न नं १. रूपक विधा शिक्षणको लागि पाठयोजना वनाउनु हुन्छ ?**

(क) बनाइन्छ (ख) बनाइँदैन

**प्रश्न नं २. पाठयोजना वनाउनुहुन्छ भने त्यसमा के फाइदा हुन्छ ?**

क) शिक्षण व्यवस्थित वनाउँछ ।

ख) शिक्षणमा अन्योल हुँदैन ।

ग) उद्धेश्य अनुसार शिक्षण गर्न सकिन्छ

घ) पाठ्यक्रम अनुकुल शिक्षण सञ्चालन हुन्छ ।

**प्रश्न नं ३. पाठयोजना नबनाउने भए किन ?**

क- आवश्यक नभएर

ख- फुर्सद नभएर

ग- झन्झट मानेर

घ-ज्ञान नभएर

**प्रश्न नं ४.माध्यमिक स्तरमा रूपक विधाको कुन उपयोगिता र कुन उद्धेश्यको लागि आवश्यक देख्नुहुन्छ ?**

क- भाषिक सीप विकासमा

ख- अभिनयात्मक सीप विकासमा

ग- सस्वर पठन सीप विकासमा

घ - अभिव्यक्तिगत सीप विकासमा

**प्रश्न नं ५. रूपक विधा शिक्षण गर्दा कसरी शुरु गर्नुहुन्छ ?**

क- सस्वर पठनबाट

ख- सारांशबाट

ग-कठीन शब्दार्थबाट

घ-मौन पठनबाट

**प्रश्न नं ६. रूपक विधा शिक्षण गर्दा सस्वर वाचन आवश्यक छ वा छैन ?**

क- आवश्यक छ

ख- आवश्यक छैन

**प्रश्न नं ७ रूपक विधा शिक्षण गर्दा सस्वर वाचन आवश्यक छ भने कुन उद्धेश्यको लागि ?**

क-शुद्ध उच्चारण

ख-अभिनय

ग-पठनबोध

घ-भावबोध

**प्रश्न नं ८. रूपक विधा शिक्षण गर्दा कुन कुन भाषिक कार्यकलाप सञ्चालन गर्नुहुन्छ ?**

(क) अभिनय (ख)सस्वर पठन (ग) गति, यति, लय मिलाएर पढ्ने

(घ) चिन्ह ख्याल गरेर पढ्ने (ङ) भावअनुसार पढ्ने

(च) मौन पठन गर्ने (छ) वोध प्रश्नको तयार गरेर (ज) मौन पठन

**प्रश्न नं ९ रूपक विधा शिक्षण गर्दा शब्दार्थ र वाक्यमा प्रयोग आवश्यक छ वा छैन ?**

क-आवश्यक छ

ख- आवश्यक छैन

**प्रश्न नं १० आवश्यकता भए कस्तो माध्यमबाट शिक्षण गर्नुहुन्छ ?**

(क) शव्दपत्ती र शब्दार्थ लेख्ने र देखाउने

(ख) शव्दार्थ र वाक्य मौखिक रूपमा भनिदिने

(ग) लिखित र मौखिक रूपमा वाक्य बनाई वताउने

(घ) वाक्यपत्ती र शव्दपत्तीका माध्यमले फ्लाटिन बोर्डमा प्रदर्शन गर्ने

**प्रश्नं ११. रूपक विधा शिक्षण गर्दा बोध प्रश्नोत्तर गराउनु हुन्छ ?**

(क) गरिन्छ (ख) गरिँदैन

**प्रश्नं १२. रूपक विधा शिक्षण गर्दा शिक्षण सामग्री प्रयोग गर्नु हुन्छ ?**

(क) प्रयोग गरिन्छ (ख) प्रयोग गरिँदैन

**प्रश्नं १३. तपाईँ शिक्षण सामग्री प्रयोग गर्ने भए कस्तो सामग्री प्रयोग गर्नुहुन्छ ?**

(क) चित्र (ख) शब्दपत्ती (ग) वाक्यपत्ती (घ) अन्य

**प्रश्नं १४. रूपक विधा शिक्षण गर्दा कुन कुन भाषिक सीपलाई महत्व दिइएको छ ?**

(क) सुनाइ बोलाइ पढाइ लेखाइ

(ख) सुनाइ बोलाइ पढाइ

(ग) सुनाइ बोलाइ लेखाइ

(घ) बोलाइ सुनाइ पढाइ

**प्रश्नं १५.कक्षा शिक्षण कार्य पछि मूल्याङ्कन गर्नुहुन्छ ?**

(क) गरिन्छ (ख) गरिँदैन

**प्रश्न नं १६. मूल्याङ्कन गर्दा कुन कुन क्रियाकलाप अपनाउनु हुन्छ ?**

(क) लिखित (ख) मौखिक

(ग) प्रयोगात्मक (घ) लिखित मौखिक दुवै

**प्रश्न नं १७. दैनिक गृहकार्य दिनु हुन्छ, हुँदैन ?**

क- दिइन्छ ख- दिइँदैन

**प्रश्न नं १८ दिइन्छ भने अर्को दिन परीक्षण गर्नुहुन्छ हुँदैन ?**

क- गरिन्छ ख- गरिँदैन

**प्रश्न नं १९ रूपक विधा शिक्षण गर्दा अपनाउन सकिने तरिकाहरू उल्लेख गर्नुहोस ।**

**प्रश्न नं २० रूपक विधा शिक्षण गर्दा अपनाउन सकिने मूल्याङ्कन प्रक्रिया के के हुन ?**

**प्रश्न नं २१ रूपक विधा शिक्षण क्रियाकलापलाई प्रभावकारी बनाउन के गर्नुपर्ला ?**

**परिशिष्ट : 'ख'**

**कक्षा अवलोकन फारम**

विद्यालयको नाम र ठेगाना : मिति :

विषय शिक्षकको नाम : पिरियड :

कक्षा : समय :

विषय : पाठ शीर्षक :

| क्र.सं | विवरण | अवस्था | | |
|---|---|---|---|---|
| १. | पाठयोजना निर्माण | भएको | नभएको | |
| २. | कक्षा शुरु | योजनाबद्ध | पूर्व पाठमा आधारित | अव्यवस्थित |
| ३. | सस्वर वाचन | उपयुक्त | सामान्य | अनुपयुक्त |
| ४. | शिक्षण क्रियाकलाप | उत्तम | मध्यम | सामान्य |
| ५. | शब्दार्थ र वाक्यमा प्रयोग | उपयुक्त | मध्यम | अनुपयुक्त |
| ६. | शिक्षण उद्देश्य | पूरा भएको | पूरा नभएको | |
| ७. | भाषिक सीप शिक्षण | उत्तम | मध्यम | निम्न |
| ८. | शिक्षण विधि र क्रियाकलाप बीच सम्बन्ध | उत्तम | मध्यम | सामान्य |
| ९. | सामाग्री प्रयोग | उत्तम | मध्यम | निम्न |
| १०. | कक्षा कार्य सञ्चालन | उद्देश्य मूलक | उद्देश्यविहीन | |
| ११. | गृहकार्य | दिएको | नदिएको | कहिलेकाहीँ |
| १२. | गृहकार्य जाँच | नियमित | कहिलेकाहीँ | नजाँचेको |

# व्यक्तिवृत्त



नाम : सूर्यबहादुर फूङ्जेली मगर

जन्म मिति : २०३३/०९/२३

स्थायी ठेगाना : बलिथुम-८, गुल्मी

पिताको नाम : गोपालबहादुर फूङ्जेली

माताको नाम : हिराकुमारी फूङ्जेली

नागरिकता : नेपाली

सम्पर्क नं. : ९७४७०७९६३०

**शैक्षिक योग्यता :**

| तह | वर्ष | बोर्ड | शिक्षण संस्थाको नाम | श्रेणी |
|---|---|---|---|---|
| एस्.एल.सी. | २०५० | एच्. एम्. जी. | श्री ज्ञानोदय मा.वि., तुराङ | तृतीय |
| आई. कम | २०५३ | त्रि. वि. | रेसुङ्गा बहुमुखी क्याम्पस, गुल्मी | द्वितीय |
| बी.ए. | २०६० | त्रि.वि. | त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा | द्वितीय |
| बी. एड्. | २०६१ | त्रि.वि. | रेसुङ्गा बहुमुखी क्याम्पस, गुल्मी | द्वितीय |
| एम्. एड्. | २०६९ | त्रि.वि. | तानसेन बहुमुखी क्याम्पस तानसेन पाल्पा | अध्ययनरत |

पेशा : वि.सं. २०५८ देखि हालसम्म श्री थाक्सीपोखरा मा.वि., बलिथुममा अध्यापन ।